# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## शुभ कालीका गाउँपालिका
## कालिकोट





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## शुभ कालीका गाउँपालिका

## कालिकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## शुभ कालीका गाउँपालिका

## कालिकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ८१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
शुभकालिका गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कालिकोट ।

**कैफियत सहितको राय**

हामीले शुभकालिका गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड १९ लाख ४८ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१ करोड ५३ लाख ८५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ७० लाख २९ हजार, नियमित गर्नुपर्ने रु.९५ लाख ३४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.६ करोड ८७ लाख ७३ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.११ करोड ७ लाख २१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी  वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(.........................)

नायब महालेखापरीक्षक

शुभकालिका गाउँपालिका, कालिकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७९ | ५४ | ४१९४८ | ० | ० | ० | ७९ | ५४ | ४१९४८ | १५३८५ | ९५३४ | १७०२९ | ० | ० | २६५६३ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| शुभकालिका गाउँपालिका कालिकोट | ६८७७३ | ० | ० | ६८७७३ | ० | ४१९४८ | ११०७२१ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : शुभ कालीका गाउँपालिका, कालिकोट , शुव कालिका गाउँपालिका , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | केन्द्र वहादुर शाही | २०७७-१२-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सर्पानन्द उपाध्याय | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४१,९४८,४२०.०७ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १,३६,०३,४८१.२२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,५०,८२,००० | **चालु खर्च** | २९,१८,००,४३५ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,१२,८७,२६२ | **पूँजीगत खर्च** | ८,६७,८२,०२२ |
| **राजश्व बाँडफाँट** | ५,५३,३०,९९७.८ | **वित्तीय/अन्य व्यवस्था** | १२,७५,२६,२८२ |
| **आन्तरिक आय** | २२,८५,९५३ | | |
| **अन्य आय** | १०,९५,१५,९२७ | | |
| **कुल आय** | ५१,३५,०२,१३९.८ | **कुल खर्च** | ५०,६१,०८,७३९ |
| **बाँकी मौज्दात** | | २,०९,९६,८८२.०२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य, ९७.३२ वर्गकिलोमिटर क्षेत्रफल तथा करिब १४ हजार ८० जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण विधि**<br><br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोवारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षण विधि अनुसार नमूना छनौटको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा समय अभाव,स्रोत साधनको अपर्याप्तता लगायतको कारणले स्थलगत अवलोकन गर्न सकिएको छैन् । स्रेस्ता परीक्षणलाई मात्र लेखापरीक्षणको आधार मानिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निश्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०६।०२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार रहेका छन् । | |
| ३ | | | **लेखापरीक्षण असुली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखापरीक्षणको क्रममा गाउँपालिकाले संघिय तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदान रु.१९११२२७२।०० तथा अग्रीम आयकर नपुग वापतको रकम रकम रु.१३२९२।०० गरी जम्मा रकम रु.१९१२५५६४।०० असुल भएको छ । | |
| ४ | | | **स्थानीय सञ्चित कोषको हिसाब**<br><br>**स्थानीय सञ्चितकोष -** आर्थिक वर्ष २०७८।७९ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।<br>गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन माग गरिएकोमा सो अनुसारको सम्पूर्ण आर्थिक कारोवारको यथार्थ एवं विस्तृत विवरण नखुलाई पेश हुन आएको गाउँपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ । | |

| आय तर्फ | | | | व्यय तथा मौज्दात तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | | रकम | सि.नं. | विवरण | | रकम |
| ज्ञ | गत वर्षको जिम्मेवारी | | १३६०३४८१।२२ | ज्ञ | चालु खर्च | | २९१८००४३५।०० |
| | क) नगद | ०।०० | | | आन्तरिक,समानीकरण, राजस्व बाडफाड | १०४०२६५३२।०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) बैंक | १३६०३४८१।२२ | | | विशेष अनुदान | ०।०० | |
| | | | | | समपुरक अनुदान | ०.०० | |
| | | | | | सशर्त अनुदान संघ | १८५४७२९०३।०० | |
| | | | | | सशर्त प्रदेश | २३०१०००।०० | |
| | | | | | | | |
| ट्ट | **राजश्व (आन्तरिक आय) राजश्व बाँडफाँड** | | **५७६१६९५०।८०** | | | | |
| | क) कर राजश्व | २२८५९५३।०० | | ट्ट | **पुँजीगत खर्च** | | **८६७८२०२२।००** |
| | ख) राजश्व बाँडफाँड | ५५०९८०२१।२९ | | | आन्तरिक,समानीकरण, राजस्व वाडफाड | ६०२६९१९७।०० | |
| | ग) राजस्व वाडफाड प्रदेश | २३२९७६।५१ | | | विशेष अनुदान | ३५०००००।०० | |
| | | | | | समपुरक अनुदान | ०.०० | |
| घ | **वित्तीय हस्तान्तरण (संघीय सरकार)** | | **३१५०८२०००।००** | | सशर्त अनुदान संघ | ११८२२२०८।०० | |
| | क) समानीकरण अनुदान | ९९६०००००।०० | | | सशर्त प्रदेश | १११९०६१७।०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>ख) सशर्त अनुदान</td><td>२१५४८२०००।००</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>ग) विशेष अनुदान</td><td>ण|ण्ण</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>घ) समपुरक अनुदान</td><td>ण|ण्ण</td><td></td><td>घ</td><td>वित्तीय व्यवस्था</td><td></td><td>१९११२२७२।००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>ऋण भुक्तानी</td><td>०.००</td><td></td></tr>
<tr><td>द्ध</td><td>वित्तीय हस्तान्तरण (प्रदेश सरकार)</td><td></td><td>३१२८७२६२।००</td><td></td><td>अनुदान फिर्ता संघ</td><td>१८१८६८८९।००</td><td></td></tr>
<tr><td></td><td>क) समानीकरण अनुदान</td><td>१०५३१०००।००</td><td></td><td></td><td>अनुदान फिर्ता प्रदेश</td><td>९२५३८३।००</td><td></td></tr>
<tr><td></td><td>ख) सशर्त अनुदान</td><td>१४४१७०००।००</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>ग) विशेष अनुदान</td><td>३५०००००।००</td><td></td><td>द्ध</td><td>लगानी</td><td></td><td>ण|ण्ण</td></tr>
<tr><td></td><td>घ) समपुरक अनुदान</td><td>२८३९२६२।००</td><td></td><td></td><td>ऋण लगानी</td><td>०.००</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>शेयर लगानी</td><td>०.००</td><td></td></tr>
<tr><td>छ</td><td>वित्तीय हस्तान्तरण (अन्तर स्थानीय तह)</td><td></td><td>ण|ण्ण</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>छ</td><td>विभिन्न कोषको खर्च</td><td></td><td>०।००</td></tr>
<tr><td>ट</td><td>अन्तर सरकारी अख्तियारी</td><td></td><td>१०७६७१७५१।००</td><td></td><td>प्रकोप व्यवस्थापन कोष</td><td>०।००</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | | |

| | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | मुख्यमन्त्रि रोजगार कार्यक्रम | १७११२५०८।०० | | | विविध कोष | ०।०० | |
| | मूख्यमन्त्रि रोजगार प्रोत्साहन कार्यक्रम | १०५०००।०० | | ट | **धरौटी फिर्ता/सदरस्याहा** | | ७४२२५९।०० |
| | ३३६००१०२३ गरीवसँग विश्वेश्वर कार्यक्रम | ६७३०००।०० | | | फिर्ता | ७४२२५९।०० | |
| | सामाजिक विकास कार्यक्रम | ९९३४०६।०० | | | | | |
| | प्रदेश पूर्वाधार कार्यक्रम | १२९९७५१२।०० | | ठ | **अन्तर सरकारी अख्तियारी** | | **१०७६७१७५१।००** |
| | सामाजिक सुरक्षा कार्यक्रम | ७५७९०३२५।०० | | | अन्तर सरकारी अख्तियारी | १०७६७१७५१।०० | |
| | | | | | | | |
| ठ | **विभिन्न कोष तर्फको आय** | | **१८४४१७६।००** | ड | **मौज्दात** | | **२०९९६८८२।०१** |
| | धरौटी | १८४४१७६।०० | | | **क) सञ्चित कोष** | ३२८८८४८६।७८ | |
| | विविध खर्च खाता | ०।०० | | | **ख) धरौटी** | ११३१९७४।०० | |
| | गरीवी निवारण कोष | ०।०० | | | **ग) विविध कोष** | ०।०० | |
| | प्रकोप व्यवस्थापन कोष | ०।०० | | | **घ) राजस्व वाडफाड**<br>**ङ) फिर्ता गर्ने रकम**<br>**च) बैक मौज्दात बढी** | ६४००००५।३५<br>-<br>१९११२२७२।००<br>(३११३१२।१२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>५२७१०५६२१।०२</td><td>जम्मा</td><td>५२७१०५६२१।०२</td></tr></table></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय विवरण विश्लेषणः</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>वितीय विवरणः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय—व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी पालिकाले आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) सँग हिसाब मिलानः यस पालिकाको सञ्चित कोषको वित्तिय विवरण म.ले.प.फा.न २७२ र एकिकृत वित्तिय विवरणमा समग्र प्राप्ति, खर्च र मौज्दातमा देहाय अनुसार फरक परेको छ ।<br><table><tr><td>विवरण</td><td>म.ले.प.फा.न २७२ बमोजिम</td><td>एकिकृत वित्तीय विवरण बमोजिम</td><td>फरक रकम</td></tr><tr><td>प्राप्ति</td><td>४००८६६२०५।७१</td><td>४०३९८६२१२।८०</td><td>(३१२०००७।००)</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>खर्च</td><td>३७८५८२४५७।००</td><td>३७८५८२४५७।००</td><td>०।००</td></tr>
<tr><td>फिर्ता गर्नुपर्ने रकम</td><td>२०२०९२७२।००</td><td>१९११२२७२।००</td><td>१०९७०००।००</td></tr>
</table>
पालिकाको म.ले.प.फा.न २७२ र एकिकृत वित्तिय विवरणमा समग्र प्राप्ति, खर्च र मौज्दातमा देखिएको फरकको सम्बन्धमा हिसाब मिलान गरी सञ्चित कोषक यथार्थ विवरण यकिन गर्नुपर्दछ । पालिकाको सुत्र तथा वास्तविक कारोवार विचको भिन्नताको सम्बन्धमा परीक्षण गर्दा पालिकाले ससर्श अनुदानमा रु.१०९७०००।०० बढी निकासा कायम गरेको, समपुरक अनुदान, राजस्व वाडफाड र आन्तरिक राजस्वमा क्रमश रु.७८४८१९।००, रु.३१४६२३५।०९, रु.२८५९५३।०० आम्दानी /निकासा नबाधेको कारणले समग्र प्राप्ति सुत्रमा रु.३१२०००७।०० न्युन रहेको देखियो भने ससर्त अनुदान निकासा भन्दा बढी आम्दानी बाधेकोले फिर्ता गर्नुपर्ने रकम रु.१०९७०००।०० बढी देखियो । पालिकाले सुत्रमा वास्तविक र यथार्थपरक निकासा तथा खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>सुत्रको बैक नगदी विवरण र एकिकृत वित्तीय विवरणको वैक नगदी विवरणमा भिन्नताः पालिकाको सुत्र बाट देखिएको म.ले.प.फा.न २७२ तथा २७५ बमोजिम बैक मौज्दात बाकी जम्मा रु.१९१३५२८२।३० देखिन्छ भने स्रेस्तामा बैक बाकी जम्मा रु. २०९९६८८२।०१ देखिन्छ । यसरी जम्मा रु.१८६१५९९।७१ बैक मौज्दात बाकी स्रेस्तामा बढी देखिएको सो बमोजिम बैक स्टेटमेन्ट विवरण समेत भिडान भएकोले पालिकाले सुत्र तथा वास्तविक वैक मौज्दात बिचको भिन्नतालाई हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>बैक हिसाब मिलानः पालिकाको स्रेस्ता अनुसार सञ्चित कोष खातामा २०७९ असार मसान्तको मौज्दात रु.३९००७२३७।०० रहेकोमा सोही खाताको बैक मौज्दात विवरण रु.३९२८८४९२।०० रहेको छ भने धरौटी बाकी रु.११०१९१७।०० रहेकोमा बैक बिवरण बमोजिम रु.११३१९७४।०० धरौटी खातामा बाँकी देखिन्छ । यसरी समग्रमा जम्मा रु.३११३१२।१२ स्रेस्तामा कम मौज्दात देखिएकोमा सञ्चित कोष बाट चेक साट्न बाकी रहेको तथा धरौटी आम्दानी नबाधेको देखियो । पालिकाले उक्त हिसाब फरक परेको सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु देहाय वमोजिम रहेका छन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११२ अनुसार स्थानीय तहले आफ्ना सदस्य तथा कर्मचारीका लागि आचारसंहिता बनाइ लागु गर्ने व्यवस्था भएकोमा आचारसहिता तयार गरेको छैन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु. ४९ लाख ७८ हजार ६ सय २ , पुजीगत खर्च खातामा रु.१ करोड ७० लाख ४९ हजार ९ सय १५ गरी रु.२ करोड २० लाख २८ हजार ५ सय १७ मौज्दात राखेको पाईयो । • पालिकाले पेश्की खाता, कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन ।यस वर्ष संचालित योजना तथा कार्यक्रम कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ मा कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता, पेश्की खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी सम्बन्धित नियकायमा दर्ता गरेको पाइएन ।यसाट समितिको निरन्तरता कायम नहुने र निर्मित संरचानाहरुको नियमित मर्मत संभारमा अपनतत्व समेत नरहने भएकोले ऐनको व्यावस्था पालना हुनु पर्दछ ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा भएको पाईएन।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• आर्थिक कार्यबिधी तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३० आर्थिक बर्ष समाप्त हुनुभन्दा सात दिन अगावै खर्च लेखा अद्यावधिक गरी भुक्तानी बन्द गर्नुपर्ने व्यवस्था भएकोमा यस कार्यालयले अन्तिम दिन सम्म पनि भुक्तानी दिएको पाइयो ।यस्ता कार्य बन्द गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखि नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा समाहित भएका साबिकका गाउँ बिकास समितको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको पाइएन ।पालिकाले पेश्की तथा बेरुजु अभिलेख व्यवस्थित गर्नुपर्दछ ।<br>• कर्मचारीको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको देखिएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी प्रदानः**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री पम्फा कुमारी शाहीले २०७८।३।१० मा रु ५२ करोड ५२ लाख ६१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१० मा पारित भएको छ ।पालिकाका अध्यक्षले २०७८।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गरेको भएतापनि प्रमुख प्रशासकीय अधिकृतले शाखा तथा वडा कार्यालयलाइ अख्तियारी प्रदान गरेको छैन । | |
| ८ | | | **बजेट सीमा निर्धारण समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने व्वयस्था छ । बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले राजस्व परामर्श समिति र बजेट सिमा निर्धारण समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ९ | | | **बजेट तथा कार्यक्रम तर्जुमाः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबिच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १० | | | **चौमासिक पूँजीगत खर्चः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ को उपदफा ३ अनुसार प्रमुख प्रमुख प्रशासकिय अधिकृतले गाँउपालिका कोषवाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पहिलो चौमासिकमा १३।९३, दोश्रो चौमासिकमा २४।१९ प्रतिशत र तेश्रो चौमासिकमा ६१।८८ प्रतिशत रहेको छ ।तेश्रो चौमासिकको पनि असार महिनामा मात्र कुल खर्चको ३८।५६ प्रतिशत खर्च भएको छ । यसरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| | चालु खर्च | २९१८००४३५ | ५२७२९०८८ | ६१७९४६६० | १७७२७६६८७ | १०७९६७०१४ |
| | पूँजिगत | ८६७८२०२२ | ० | २९७८२२९५ | ५६९९९७२७ | ३८०२८२५३ |
| | जम्मा | ३७८५८२४५७ | ५२७२९०८८ | ९१५७६९५५ | २३४२७६४१४ | १४५९९५२६७ |
| | प्रतिशत | ८८।१८ | १३।९३ | २४।१९ | ६१।८८ | ३८।५६ |

११

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २२२००००० | २१७८९९७२ | ५।७६ |
| २ | पूर्वाधार विकास | ७६१६०००० | ६२४२४६३८ | १६।४९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२२३३६२०००</td><td>२०५८२४१५२</td><td>५४।३७</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०।००</td><td>०।००</td><td></td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१४३६०००</td><td>१३४६५९०</td><td>०।३६</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१०६१६६४९२</td><td>८७१९७१०५</td><td>२३।०२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४२९३२४४९१</td><td>३७८५८२४५७</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५४।३७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा कम ०।३६ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>श्रोतको उपयोगमा मितव्ययीताः<br><br>शुसासन (व्यवस्थापन तथा सन्चालन) ऐन २०६४ तथा सार्वजनिक खर्चलाइ मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ मा सरकारी श्रोतको प्रयोग गर्दा मितव्ययी ढगबाट अधिकतम सदुपयोग हुने गरी गर्नुपर्ने साथै भ्रमण, तालीम, इन्धन तथा सवारी साधनको प्रयोगमा मितव्ययीता कायम गर्नुपर्ने उल्लेख छ। पलिकाका बिभिन्न कर्मचारी तथा पदाधिकारीले यस बर्ष अनुगमन तथा भ्रमणमा रु ६१,१५,०००।००, सवारी साधानको भाडामा रु ८६६१७५।००, इन्धनमा रु १३१६३११।००, पत्रपत्रिका तथा छपाइमा रु १४७१९८६ खर्च लेखेको पाइयो । पालिकाको कार्यक्षेत्रमा संचालित निर्माण तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन, जिल्ला सदरमुकाम र सुर्खेत लगायतका स्थानमा जाने गरेको पाइयो । यस्ता खर्चमा नियन्त्रण गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन :<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>२०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>0</td><td>०</td><td>१३</td><td>३९</td><td>८२</td><td>१३४</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. २ लाख देखि २ करोड ८० लाख सम्मका जम्मा १३४ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका १३ वटा योजना रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना :<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना र नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले वार्षिक रु. ८ करोड ६७ लाख ८२ हजार २२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ ।पालिकाले बार्षिक खरिद योजना र गुरुयोजना बनाएको पाइएन ।यसबाट सार्वजनिक खरिद मितव्ययी नहुने, बस्तु तथा सेवा तोकिएको समयमै प्राप्त नहुने र योजना समयमै सम्पन्न नहुन सक्ने जोखिम रहने हुँदा नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>लक्ष्य प्रगतिः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६-३_ अनुसार कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| १६ | | | **सेवाप्रवाहको स्थिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ११ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | २२१८ |
| मृत्युदर्ता | १२३ |
| बसाईसराई दर्ता | १३९ |
| विवाह दर्ता | २२७ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | नखुलेको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |
| १७ | | | **खर्च बिश्लेषणः**<br><br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु २२ लाख ८५ हजार ९५३, गत वर्षको अ ल्या रु १ करोड ३६ लाख ३ हजार ४८१, अन्तर सरकारी अख्तियारीतर्फ रु= १० करोड ७६ लाख ७१ हजार ७५१, राजस्व बाँडफाँड र अनुदानबाट रु= ४० करोड १७ लाख २६० समेत गरी रु ५२ करोड ५२ लाख ६१ हजार ४४५ आम्दानी भएकोमा चालु तर्फ रु= ३६ करोड ९३ लाख ६२ हजार १६६ र पूँजिगत तर्फ रु= ११ करोड ६८ लाख ९२ हजार ४२ समेत रु= ४८ करोड ६२ लाख ५४ हजार २०८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०=४७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु= ८३ लाख १८ हजार ६८१ खर्च भएको छ जुन आन्तरिक आयको ३६३=९० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२।५१ प्रतिशत चालु र २२।९५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| १८ | | | **नयाँ म.ले.प.फारामहरुको प्रयोगः**<br><br>नेपालको संविधानको धारा २४१ ले नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा सङ्घीय कानुनबमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ ले लेखांकन गर्ने तथा प्रतिवेदन गर्ने प्रकृया लेखाका मान्य सिद्धान्त, यस क्षेत्रमा विकसित भएका नवीनतम अवधारणा र तोकिएको सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरी महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ ले नेपाल सरकार, प्रदेश र स्थानीय तहले आय र व्ययको आवधिक विवरण महालेखा नियन्त्रक कार्यालयबाट पेश भै महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गर्नुपर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ३१ ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले आय व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरेबमोजिम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) ले स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २३ मा कारोबारको लेखा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ । महालेखापरीक्षकबाट मिति २०७६/२/१९ मा नयाँ ढाँचाका सरकारी लेखा फारामहरु ( म.ले.प. फाराम) स्वीकृत भएका छन् । कार्यालयले पुराना ढाँचाका फारामहरुको प्रयोग गर्दै आएकोमा नयाँ ढाँचाका लेखा फारामहरु प्रचलनमा ल्याउनु पर्दछ । | |
| १९ | | | **अनुदान फिर्ताः**<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । एकिकृत वित्तीय विवरण बमोजिम २०७९ असार मसान्तमा संघीय सरकार तथा प्रदेश सरकारतर्फ देहाय बमोजिम अनुदान खर्च नभई बाँकी रहेकोमा सो रकम मिति २०७९।०५।२६ मा ३८०२१५६२ र ३८०२१५६८ बाट क्रमश कोष तथा लेखा नियन्त्रक कार्यालयमा र प्रदेश लेखा इकाई कार्यालयमा फिर्ता गरेको प्रमाण पेश हुन आएको छ। पालिकाले खर्च नभएको अनुदान असार मसान्तमै फिर्ता गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |

| अनुदान | कुल प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|
| संघ | | | |
| सशर्त | २१५४८२०००।०० | १९७२९५१११।०० | १८१८६८८९।०० |
| प्रदेश | | | |
| सशर्त | १४४१७०००।०० | १३४९१६१७।०० | ९२५३८३।०० |
| विशेष | ३५०००००।०० | ३५०००००।०० | ०।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>समपुरक</td><td>२८३९२६२।००</td><td>२८३९२६२।००</td><td>०।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९११२२७२।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>अनुदानको अनुगमनः<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शिक्षामा अनुदान उपलव्ध गराएकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति समेत तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कानून र सञ्चालन स्थितिः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २६ वटा ऐन, १३ वटा नियमावली, ७ वटा कार्यविधि लगायत ४६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>न्यायीक समितिः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । यो बर्ष कुनै पनि विवाद दर्ता नभएको पालिकाले जनाएको छ । | |
| २३ | | | **आन्तरिक लेखापरीक्षणः**<br><br>आर्थिक कार्बिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता मितव्ययिता कार्यदक्षता र प्रभवकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गरेको छैन । | |
| २४ | | | **सम्पत्ति हस्तान्तरण तथा अभिलेखः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ ।यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको छैन।यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा हस्तान्तरण भइ वा खरिद गरि प्राप्त मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| २५ | | | **जिन्सी निरिक्षणः**<br><br>आर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियमन ९९ (१) मा कार्यालय प्रमुखले बर्षमा कम्तिमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेकका कर्मचारीको नेतृत्वमा समिति गठन गरी गराइ तोकिएको ढाँचामा जिन्सी निरिक्षण प्रतिबेदन लिइ सोको कार्यन्वयन गर्नु पर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरिक्षण गरेको छैन । यसबाट पालीकाको जिन्सी सम्पत्तिको अवस्था यकीन गर्न सकिएन | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>

**जिन्सी मालसामानको बरबुझारथः**

आर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा ४४ (१) मा अवकास हुँदा वा लामो समय काजमा रहदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी म्याद तोकिएकोमा तोकीएको म्याद भित्र र म्याद नतोकीएकोमा एक्काइस दिन भित्र बरबुझारथ गरी तोकीएको ढाँचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्ने व्यवस्था छ । पालिकाले कार्यपालिका बैठकको निर्णय अनुसार च नं १७३० मिति २०७९।३।२४ बाट जिल्ला प्रशासान कार्यालयलाइ देहाय बमोजिमका जन्सी मालसामान फिर्ता गराइ दिन सहयोगका लागि पत्राचार गरेको पाइयो । लेखापरीक्षण अवधी सम्म तपशिलका मालसामान फिर्ता गरेको पाइएन । प्रचलित कानुनी व्यवस्था बमोजिम फिर्ता गर्नु गराउनु पर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।

<table>
<tr><td>बुझिलिने पदाधिकारीको नाम</td><td>पद</td><td>विवरण</td><td>परिमाण</td><td>स्पेसिफिकेसन</td></tr>
<tr><td>नारायण बहादुर शाही</td><td>सुचना प्रबिधि अधिकृत</td><td>ल्यापटप</td><td>३</td><td>एउटा एप्पल, अरुको विवरण नखुलेको</td></tr>
<tr><td>केशन बहादुर शाही</td><td>पूर्व वडा अध्यक्ष</td><td>ल्यापटप</td><td>२</td><td>डेल ब्राण्ड</td></tr>
<tr><td rowspan="2">पम्फा कुमारी शाही</td><td rowspan="2">पूर्व उपाध्यक्ष</td><td>स्कुटर</td><td>१</td><td>होण्डा</td></tr>
<tr><td>ल्यापटप</td><td>१</td><td>डेल ब्राण्ड</td></tr>
<tr><td rowspan="2">कर्ण बहादुर खत्री</td><td rowspan="2">पूर्व वडा अध्यक्ष</td><td>ल्यापटप</td><td>१</td><td>डेल ब्राण्ड</td></tr>
<tr><td>क्यामेरा</td><td>१</td><td>नखुलेको</td></tr>
<tr><td>सत्यदेबी पोखरेल</td><td>लेखापाल</td><td>ल्यापटप</td><td>१</td><td>डेल ब्राण्ड</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>

**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २८ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, जनस्वास्थ्य अधिकृत सहित ४० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २९ | | | **अबकाश कोषको स्थापनाः**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९१ (१) मा स्थानीय तहका कर्मचारीको सेवा शर्त सम्बन्धि कानुन बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित सुबिधा प्रदान गर्न एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ ।पालिकाले हाल सम्म अवकास कोषको व्यवस्था गरेको पाइएन । प्रचलित कानुनी व्यवस्था अनुसार कोष स्थापना गर्नेतर्फ सम्बद्ध पक्षको ध्यान जानु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पद ५६ जना कर्मचारीहरु करारमा राखि रु. १ करोड ३ लाख खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न २ वडा सचिव, ६ अनमी ३ ल्याव असिस्टेन्ट, अहेव ६ पदमा १७ जना करार नियुक्ति गरेको छ । | |
| ३१ | | | **वडा सचिवको पदपूर्तिः**<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ<br><br><table><tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>८</td><td>८</td><td>२</td><td>६</td></tr></table> | |
| ३२ | | | **स्थायी लेखा नम्बरः**<br><br>आयकर ऐन २०५८ को दफा २१ को घ१ मा कर्मचारी तथा कामदारको तलव र ज्याला भुक्तानी गर्दा अनियबार्य स्थायी लेखा नम्बर लिएका व्यक्तलाइ मात्र भुक्तानी गरी खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले कुल पारिश्रमिक वापत रु १० करोड ७७ लाख २३ हजार ४३० खर्च गरेकोमा अधिकांश कर्मचारीहरुले व्यक्तिगत स्थायी लेखा नम्बर नलिएको पाइयो ।पालिकाले कर्मचारी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा पदाधिकारीले स्थायी लेखा नम्बर लिए पश्चात मात्र पारिश्रमिक भुक्तानी गर्ने र भुक्तानी तथा कर कट्टीको विवरण इ टिडिएस गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ३३ | | | **भ्रमण अभिलेख तथा भ्रमणको प्रभावकारीताः**<br><br>भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि कार्यालयले तोकिएको ढाँचमा भ्रमण अभिलेख राखुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले आन्तरिक नियन्त्रण प्रणालीको बिकास गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष अनुगमन तथा भ्रमणमा रु ६१,१५,०००।०० खर्च गरेको पाइयो । पालिकाले भ्रमणमा खटिएका कतिपय कर्मचारीको भ्रमण अभिलेख, काम र भ्रमण गर्ने स्थान समेत भ्रमण आदेशमा उल्लेख गरेको पाइएन ।व्यवस्थित भ्रमण अभिलेखको अभावमा एउटै समयमा दोहोरो भ्रमण खर्च दाबि हुन सक्ने र एउटा कर्मचारीले अर्को कर्मचारीका नाममा समेत दैनिक भ्रमण भत्ता भुक्तानी लिन सक्ने जोखिम रहन्छ । आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गर्नेतर्फ सम्बद्ध पक्षको ध्यान जानु पर्दछ । | |
| ३४ | | | **भ्रमण प्रतिबेदनः**<br><br>भ्रमण खर्च नियमावली २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी भ्रमण सम्पन्न भए पश्चात भ्रमण प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाबाट यसबर्ष भ्रमणमा खटिएका पदाधिकारी तथा कर्मचारीले भ्रमण गर्नुको उद्धेश्य, भ्रमणमा देखिएका व्यहोरा, समस्या तथा चुनौति सहितको भ्रमण प्रतिबेदन पेश भएको पाइएन ।यसबाट एकातर्फ भ्रमण प्रभावकारी नहुने अर्कोतर्फ भ्रमण खर्च समेत अनुत्पादक हुने हुदा बिस्तृत प्रतिबेदन पेश गर्ने गराउने तर्फ सम्बन्धितको ध्यान जानु पर्दछ ।पालिकाबाट भएको भ्रमण खर्चको औचित्य र प्रभावकारीता यकीन गर्न सकिएन । | |
| ३५ | | | **सवारी साधन भाडाः**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (४) मा गाउपालिकाले स्थानीय यातायात रुट निर्धारण रुट अनुमति, खारेजि र भाडादर समेत निर्धारण गर्नसक्ने व्यवस्था छ। सार्वजनिक यातयात संचालन हुने राजमार्ग क्षेत्रका स्थानमा जान भाडाका सवारी साधन प्रयोग गरेको छ ।सार्वजनिक यातायात संचालन हुने राजमार्ग क्षेत्रमा जान समेत गाडी भाडामा लिइ भरपाइ गराइ भाडा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भुक्तानी गरेको पाइयो। एउटै स्थानमा जान समेत फरक व्यक्तिले फरक फरक भाडा भुक्तानी गरेकोले पाइएकोले खर्चको वास्तबिकता यकीन गर्न सकिएन । | |
| ३६ | | | **आर्थिक सहायताः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.२५३६६८३।०० अन्य सामाजिक सुरक्षा शिर्षकमा वितरण गरेको छ । यसरी अनुदानमा प्राप्त रकमलाई आर्थिक सहायताको रुपमा वितरण गर्ने कार्यमाथि नियन्त्रण गर्नुपर्दछ । | |
| ३७ | | | **खाना तथा विविध खर्चः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.७३२८९३०।०० खर्च गरेको छ । जुन आन्यतरिक आयको ३२० प्रतिशत रहेको छ । पालिकाले यस्ता अनुत्पादक खर्चमा कटौती गर्नु पर्दछ । | |
| ३८ | | | **धरौटी तर्फः**<br><br>आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(११) अनुसार सरकारी सम्पत्ति नगदी, जिन्सी सुरक्षित राख्न, हिनामिना हुन नदिन कार्यालय प्रमुखले उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । कार्यालयले धरौटी तर्फ गत वर्षको रु.१२७७९५३।०० अल्या गरेकोमा यस वर्ष रु.५६६२२३।— कूल आम्दानी देखाएकोमा रु. ७४२२५९।— फिर्ता भै रु.११०१९१७।— मौज्दात बाँकी रहेको देखिन्छ । कार्यालयले राख्नुपर्ने केन्द्रीय धरौटी खाता, व्यक्तिगत धरौटी खाता र नाम नामेसी विवरण समेत राख्ने नगरेबाट मौज्दात बाँकी रकम यकिन गर्न सकिने आधार देखिएन । अतः नियमानुसार राख्नुपर्ने खाता तथा विवरण राखी धरौटी अभिलेख अद्यावधिक गर्नुपर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ । | |
| ३९ | | | **कर दस्तुर एवं आन्तरिक आयः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९.१ | | | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. २२ लाख ८५ हजार ९ सय ६३ अर्थात अनुमान भन्दा ११४।२५ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको दायरा बिस्तार गर्नेतर्फ विशेष ध्यान दिनु पर्दछ । | |
| ३९.२ | | | **आन्तरिक आयः** गाँउपालिकाले विभिन्न श्रोतको आम्दानी संकलन गर्दा यथासम्भव सफ्टवेयरको प्रयोग गरी बैङ्किग प्रणाली मार्फत गर्नु पर्दछ । गाँउपालिका अन्तर्गतका सबै वडाहरुमा उक्त सफ्टवेयर सुविधा उपलब्ध हुन नसकी म्यानुवल तवरबाट आय संकलन गर्नु पर्ने अवस्थामा नगदी रसिदको आम्दानी, खर्च र बाँकीको स्पष्ट अभिलेख देखिने गरी नगदी रसिद नियन्त्रण खाता तयार गरी प्रयोग भएका नगदी रसिदको दैनिक आम्दानीलाई दैनिक आम्दानी खातामा प्रविष्ट गरी सो को दैनिक जोड जम्मा देखाई, तोकिएको समय भित्रै नगद रकम बैंक दाखिला गरी आम्दानीको हिसाबलाई स्पष्ट र पारदर्शी बनाउनु पर्दछ । गाँउपालिकाले छपाई गरेको नगदी रसिद जिन्सीमा आम्दानी नगर्नुको अतिरिक्त कुन कुन वडाहरुलाई के कती रसिद नम्वरका के कति थान नगदी रसिद प्रयोग गर्न दिएको हो सो समेतको स्पष्ट अभिलेख नराखेकोले गाँउपालिका र वडाहरुले प्रयोग गरेको नगदी रसिदको हिसाब यकिन हुन सकेन। साथै गाउँपालिकाले वितरण गरेका नगदी रसिदहरुको ठेली दोहोरो भएकोले गाउँपालिकाले केकति मात्रामा नगदि रसदिको छपाई गरेको थियो कुन नम्बरको रसिद कहाँ वितरण गरियो साथै कुन रसिदबाट कति राजस्व संकलन तथा दाखिला भयो सोको विवरण यकिन गर्न सकिएन । जसले गर्दा आम्दानी र बैंक दाखिला गर्नुपर्ने रकमको यर्थाथ हिसाब यकिन हुन सकेन । तसर्थ गाँउपालिकाले आन्तरिक आयको अभिलेखलाई थप व्यवस्थित बनाई सुधार गर्नुपर्दछ भने आन्तरिक आयको असुली तथा वैक दाखिलाको हिसाब यथार्थपरक र वास्तविक बनाउनुपर्दछ । | |
| ३९.३ | | | **कर तथा शुल्क असुली**-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>मालपोत</td><td>०।००</td><td>०।००</td><td>०।००</td></tr><tr><td>घरजग्गा वहाल कर</td><td>२०००००।००</td><td>९८०६०।००</td><td>४९।०३</td></tr><tr><td>अन्य</td><td>१८०००००।००</td><td>२१८७८९३।००</td><td>१२१।५४</td></tr></table> पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नगरेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारा बिस्तार गर्नु पर्दछ । | |
| ३९.४ | | | **राजश्व दाखिला**: आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम २७(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिकाले ८ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम नियमावलीमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरे नगरेको सम्बन्धमा एकिकृत विवरण तयार पारेको छैन । बिस्तृत बिबरणको अभावमा संकलन गरेको राजस्व समयमै दाखिला भएको एकीन गर्ने आधार छैन । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ४० | | | **पेश्की माथि पेश्की:**<br><br>आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमावली २०७७ को नियम ४७ अनुसार पेश्की लिइसकेपछि कार्य सम्पन्न गरेको १५ दिन भित्र पेश्की फछ्र्योट गर्नुपर्ने तथा फछ्यौट नगरेसम्म पुन सोही कर्मचारीले पेश्की दिन नपाइने व्यवस्था छ । पालिकामा अगाडी लिएको पेश्की फछ्यौट नगरीकन पुन सोही व्यक्तिलाई नयाँ कार्यक्रमको लागि पेश्की दिएको देखियो । यसरी पेश्की फछ्यौट नगरेसम्म पुनः सोही व्यक्तिलाई पेश्की दिने कार्यमाथि नियन्त्रण गर्नुपर्दछ । यसका केही उदाहरणहरु निम्न छन् । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो भै नं र मिति</td><td>पेश्की लिएको व्यक्ति</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>१५९,२०७८।०९।२८</td><td>वडा नं ८ सचिव विरेन्द्र शाही</td><td>नखुलाइएको</td><td>१८००००</td></tr>
<tr><td>२३४,२०७८।१२।०६</td><td>वडा नं ८ सचिव विरेन्द्र शाही</td><td>नखुलाइएको</td><td>३०००००</td></tr>
<tr><td>२४३,२०७८।१२।०७</td><td>वडा नं ८ सचिव विरेन्द्र शाही</td><td>नखुलाइएको</td><td>४०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>भ्रमण खर्च तथा अन्य खर्चको उपदायताः<br><br>भ्रमण खर्च नियमावली २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख र भ्रमण समाप्त भए पश्चात भ्रमण प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था छ।कार्यालयबाट भ्रमणमा जाने कर्मचारीले भ्रमणका क्रममा देखिएका व्यहोरा सहितको प्रतिबदेन पेश गरेको पाइएन ।यसबाट एकातर्फ भ्रमण प्रभावकारी नहुने अर्कोतर्फ भ्रमण खर्च बढ्न जाने हुदा बिस्तृत प्रतिबेदन पेश गर्ने गराउने तर्फ सम्बन्धितको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>असम्बन्धित खर्च तथा भुक्तानीः<br><br>पालिकाले भौचर नं १३/२०७८।०९।२३ बाट संलग्न विल तथा भौचरको आधारमा नरेन्द्र चौलागाईलाई रु.१७००००।०० तथा नन्द परेग उपाध्यलाई रु.८३०००।०० भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु निम्न छन् :<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा रु.एकलाख भन्दा बढीको सामाग्रि खरिद गर्दा लागत अनुमान बनाउनु पर्ने, भम्रण खर्च नियमावली २०६४ मा स्वीकृत भम्रण आदेशबाट मात्र भम्रण गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी कारोवारको भुक्तानी गर्दा विल भौचर तथा भरपाई संलग्न हुनुपर्ने एवं उक्त विल भौचर तथा भरपाई कामसँग सम्बन्धित हुनुपर्ने व्यवस्था रहेको छ । नरेन्द्र चौलागाई तथा नन्द परेग उपाध्यलाई भुक्तानी गरेको कुल रु.२५३०००।०० मा कुन कामको लागि कार्यदेश दिएको सो संलग्न नभएको, सर्भे तथा डिजाइन गरेकोमा सोको प्रतिवेदन</td><td>२५३,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>संलग्न नगरेको, सर्भे तथा डिजाइनमा असम्बन्धित मानिसलाई भरपाई गरी जम्मा रु. १००८००।०० भुक्तानी दिएको, खाना तथा खाजा खर्च वापत भरपाई संलग्न गरेको तर उक्त खाना तथा खाजा खर्चको प्रयोजन नखुलेको साथै विजक समेत नरहेको, स्टेशनरी खाट तथा जुत्ता जस्ता पुजिगत सामाग्री खरिद गरेको तर दाखिला नगरेको एवं स्वीकृत भ्रमण आदेश विना सो रकम भुक्तानी लिएको प्रचलित कानून बमोजिम नभएकोले सम्बन्धित व्यक्तिवाट असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>प्रयोजन नखुलाई पेश्कीः<br><br>आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा विवरण तथा प्रयोजन खुलाइ अधिकार प्राप्त अधिकारीले स्वीकृत गरे पश्चात मात्र पेश्की दिनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न कार्यक्रम सञ्चालन तथा सामाग्री खरिदको लागि कर्मचारीहरुलाई पेश्की दिदाँ कुनै पनि प्रयोजन नखुलाई एकमुष्ठ रकम भुक्तानी गरेको छ । यसबाट पेश्की रकम उद्देश्य, कार्यक्रम भन्दा फरक शिर्षक र कार्यमा समेत खर्च हुन सक्ने जोखिम रहन्छ । तसर्थ पालिकाले विस्तृत विवरण र प्रयोजन खुलाएर मात्र पेश्की दिनु पर्दछ । यसका केही उदाहरण हरु निम्न छन् ।<br><br>
<table>
<tr><th>गो भै नं र मिति</th><th>कर्मचारीको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>६८।२०७८।८।१३</td><td>दक्षिणा रोकाया</td><td>कुनै विवरण पेश नभएको</td><td>१०००००</td></tr>
<tr><td>६४।२०७८।८।०१</td><td>गा पा खेलकुद समिति</td><td>कुनै विवरण पेश नभएको</td><td>५०००००</td></tr>
<tr><td>२५।२०७८।६।२३</td><td>शुभकालिका FM</td><td>कुनै विवरण पेश नभएको</td><td>३५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>पदाधिकारी सुविधाः<br><br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ वमोजिम</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मितिदेखि यस ऐनवमोजिमको सुविधा पाउने व्यवस्था गरेको छ । जसअनुसार गाउपालिकाले पदाधिकारी सुविधामा ८३ लाख १८ हजार ६८१ खर्च लेखेको छ । | |
| ४५ | | | **बढी रकम भुक्तानीः**<br><br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ मा बिल भरपाइ संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भेरी कर्णाली अटो सुर्खेतबाट मेशिनरी तथा औजार खरिद गरेको जम्मा रकम रु.२५५१९३।०० को विजक संलग्न गरी भौ नं ४६।२०७८।७।१६ बाट उमेशराज धिताललाई रु.२८०००० को भुक्तानी दिएको पाइयो । यसरी फर्मबाट खरिद गरेको सामाग्रीको रकम अन्य व्यक्तिलाई भुक्तानी दिएकोमा सो रकम सम्बन्धित फर्मले पाए नपाएको यकिन गर्न सकिएन । तसर्थ सो रकम सम्बन्धित फर्मलेनै प्राप्त गरेको प्रमाण पेश गर्नुपर्दछ भने संलग्न विल भन्दा बढी भुक्तानी भएको रकम असुल रु | २४,८०७ |
| ४६ | | | **अडियो गीत रेकर्डः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गो भै नं ३७९/२०७८।३।१७ बाट बसन्त विक लाई रु ५४००० अडियो गित रेकडिङ गर्ने प्रयोजनका लागि अन्य सामाजिक खर्च शिर्षक तथा गो भै नं ४३४ /२०७८।०३।२२ बाट सहायक चोथो विरेन्द्र बहादुर शाहीले रकम रु १८०००० रकम भुक्तानी दिइएको पाइयो । यसरी पालिकाले अडियो गित रेकडिङ्गबापत रकम भुक्तानी रिसकेको तर सो अडियो गित रेकर्ड भए नभएको सम्बन्धमा कुनै प्रमाण पेश नगरेको साथै गितलाई सार्वजनिक गरेको प्रमाण समेत पेश भएको देखिएन । पालिकाले उक्त अडियो सार्वजनिक गरेको तथा अडियो निर्माण गरेको प्रमाण पेश गर्नुपर्ने रु | २३४,००० |
| ४७ | | | **नगदमा कारोबारः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नेपाल राष्ट्र बैक ऐन, २०५८ मा कुनै पनि सार्वजनिक निकायले खरिद भएपश्चात सम्भव भएसम्म सो रकम भुक्तानी गर्दा सम्बन्धित व्यवसायीकै बैक खातामा जम्मा हुने गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट यस आर्थिक वर्षमा खरिद भएका मालसामन, मर्मत लगायत अन्य सेवाको आपूर्तिवापतको रकम भुक्तानी गर्दा सम्बन्धित आपूर्तिकर्ताको नाममा नगरी कर्मचारीको नाममा भुक्तानी गरेको छ । कार्यालयले यसरी नगदमा कारोवार गर्ने प्रवृतिमाथि नियन्त्रण गर्नुपर्दछ । यसका केही उदाहरणहरु निम्न छन् ।<br>
<table>
<tr><td>गो भै नं र मिति</td><td>नगद लिएको व्यक्ति</td><td>कारोवार भएको फर्म</td><td>रकम</td></tr>
<tr><td>९१,२०७८।०८।२४</td><td>युवराज थापा</td><td>जि एन कम्यूनिकेशन एण्ड मोबाइल सेन्टर</td><td>७५०००</td></tr>
<tr><td>११२,२०७८।०९।०८</td><td>ह स चा उमेश धिताल</td><td>सवारी मर्मत</td><td>३२५२२३</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>जिन्सी दाखिला :<br><br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदयीत्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले देहाय अनुसारको सामाग्री खरिद गरेकोमा जिन्सी कितावमा आम्दानी बाँधेको देखिएन ।यसले खरिद गरिएका सामाग्री प्रयोगको अवस्था यकिन हुने अवस्था देखिदैन ।तसर्थ कार्यालयले दाखिला प्रतिवेदन गरि सोको प्रमाण पेश हुनुपर्ने रु<br>
<table>
<tr><th>गो भौ नं. मिति</th><th>खरिद सामग्री</th><th>रकम</th></tr>
<tr><td>३३४।२०७९।३।६</td><td>औषधी खरिद</td><td>३०००००।००</td></tr>
<tr><td>८८।२०७८।८।२३</td><td>छाता र झोला खरिद</td><td>२६१३००।००</td></tr>
<tr><td>३४९/२०७८।०३।०९</td><td>सिलाई मेशिन</td><td>३५००००।००</td></tr>
</table></td><td>९११,३००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **संचालन खर्चः**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा दफा ७३ ( ६) मा प्रमुख प्रशासकीय बजेट खर्च गर्दा नियमितत, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यका आधारमा गर्नुपर्ने व्यवस्था छ । विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, स्टेसनरी, मर्मत, गोष्ठी जस्ता क्रियाकलापमा बढी केन्दीत भइ खर्च गरेको पाइयो ।संचालन खर्चमा न्यूनिकरण गरी मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५० | | | **न्यानो कपडा वितरण कार्यक्रम**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदयीत्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । गाँउपालिका समानीकरण चालु कार्यक्रममा अन्य सामाजिक शिर्षक अन्तर्गत संचालन भएको एकल महिला तथा जेष्ठ नागरिक न्यानो कपडा वितरण कार्यक्रममा ७ नं वडा सचिव विरेन्द्र बहादुर शाहीलाई गो भै नं २०५/२०७८।११।१३ बाट रु.२००००० भुक्तानी दिएकोमा सोको प्रमाण स्वरुप आचार्य आकृति जनरल स्टोर्सबाट ४८ पिस कम्मल रु.११७६०० र ३८ पिस सारी रु.५७००० खरिद गरी २८ वटा कम्मल र २६ वटा साडी मात्र वितरण गरेको भरपाई संलग्न गरेको छ। खरिद गरेका समान भन्दा कम सामाग्रीमात्र वितरण गरेको प्रमाण संलग्न भएको छ भने विजक भन्दा बढी रकम भुक्तानी भएको छ । यसरी खरिद गरेका सामाग्रीको स्टोर दाखिला गरी वितरण गर्न वाकी सामाग्रीको वितरण गरेको प्रमाण पेश गर्नुपर्दछ भने बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | २५,४०० |
| ५१ | | | **देवलडाडा सामुदायीक भवन व्यवस्थापन खर्च भुक्तानी :**<br><br>मुख्यमंत्री रोजगार तथा आयआर्जन कार्यक्रम संचालन कार्यबिधी २०७८ को बुदा नं ११ मा आयोजना कार्यन्वयन गर्ने नियकायले आयोजनामा बिनियोजित बजेटको बढीमा २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ ।कार्यालयले देवलडाँडाँ सामुदायीक भवन निर्माणका लागि रु १९८७०४०।०० बजेट बिनियोजन भएको पाइयो ।उक्त भवन निर्माणको उपभोक्ता समितलाइ भौ नं | ५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २२। २०७९।३।१४ बाट भएको कामको भुक्तानी दिँदा कार्यबिधिमा व्यवस्था नभएको व्यवस्थापन खर्च रु २००००।०० र उपकरण तथा टुल खरिद वापत रु ३००००।०० गरी जम्मा रु ५००००।०० समेत भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्ने रु | |
| ५२ | | | **सामाजिक सुरक्षाः-**<br><br>पालिकाले सामाजिक सुरक्षा वितरणको लागि प्रथम, दोश्रो, तेश्रो र चौथो त्रैमासिकमा गरी कृषि विकास बैंकमा रु.७५७९०३२५।०० निकासा गरेकोमा सोही रकम बराबरनै वितरण गरेको देखाएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्ः- | |
| ५२.१ | | | **लगत कट्टाको अभिलेखः-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभ ग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। | |
| ५२.२ | | | **पारदर्शिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानियतहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। पालिका बाट निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५२.३ | | | **दाखिलाको विवरण**:-सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २५ मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि-१३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ। पालिकाले सामाजिक सुरक्षा शिर्षकबाट लाभग्राहिको खातामा रकम भुक्तानी गर्न कृषि विकास बैंकलाई रु.७५७९०३२५।०० निकासा दिएकोमा सो आथिक वर्ष भित्रमा रु.७४४४३७६७।०० वितरण गरेको प्रमाण कार्यालयमा पठाएको छ । बैकले रु.१३४६५५८।०० निकासा प्राप्त गरेको तर वितरण गरेको प्रमाण पेश भएको छैन् । बैकले सो रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा प्रमाण पेश गर्नुपर्दछ अन्यथा संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु | १,३४६,५५८ |
| ५२.४ | | | **निष्कृय खाताको विवरण**: सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा १२(च) बमोजिम एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा उक्त व्यक्तिको लगत कट्टा गर्नुपर्ने व्यवस्था छ। दफा १६(ग) मा लाभग्राहीले खाता निष्क्रिय भएपश्चात बैंकबाट रकम झिक्न नसक्ने उल्लेख छ। नगरपालिकाले बैक मार्फत सामाजिक सुरक्षा वितरण गरेको पहिलो वर्ष भएकोले यस्ता निष्क्रिय खाताको विवरण केकति छन भनि लेखापरीक्षणको क्रममा यकिन गर्न सकिएन । | |
| ५२.५ | | | **सार्वजनिक सुनुवाई**: सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरू मध्ये आफूले सक्ने कुराहरू सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरू सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा वडा समितिले उल्लिखित कार्य गरेको पाइएन।<br>**अनुगमन तथा सुपरिवेक्षण**:- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति नै गठन नगरेकोले निदेर्शिका अनुसारको समिति गठन गरि क्रियासिल हुनु पर्ने देखिन्छ। | |
| ५३ | | | **उपभोक्ता समितिको बिल तथा कार्य सम्पन्नः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ५४ | | | **लागत सहभागिताः**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ५५ | | | **उपभोक्ता समितिलाई पेश्कीः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा ३३ प्रतिशत सम्म जमानत लिई पेश्की दिन सक्ने व्यवस्था छ । तर पालिकाले उपभोक्ता समितिहरुलाई कुनै जमानत विना ५० प्रतिशत सम्म पेश्की दिएको देखियो । यसरी उपभोक्ता समितिलाई कुनै जमानत विना ५० प्रतिशत सम्म पेश्की दिंदा उक्त पेश्की रकमको दुरुपयोग हुने, कार्य सम्पन्न नभएमा असुल हुन नसक्ने जोखिम तर्फ पालिकाले ध्यान दिनुपर्दछ । यसका केही उदाहरणहरु दाहाल मा.वि भवन निर्माण उपभोक्ता समिति पेश्की रकम १२३५००००।०० कुल लागत अनुमान रु.३५०००००।०० महादेब मा.वि फिल्ड निर्माण पेश्की रु.३०००००।०० कुल लागत अनुमान रु.९५००००।०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>
हेवी इक्वीमेन्टको प्रयोगः
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरु बाट निर्माण कार्य गर्ने गरी तयार पारिएका सडक योजनाको लागत अनुमानमा डोजर प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरेकोले सो कार्य उपभोक्ता बाट सोझौ खरिद गर्ने तथा सवकन्याक्टमा लगाउन प्रत्सोहान गरेको देखियो । साथै उपभोक्ता समितिले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । पालिकाले हेभि इक्युमेन्ट प्रयोग गरी सम्पन्न गर्नुपर्ने कार्य सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम खुल्ला वोलपत्र तथा सिलबन्दी वोलपत्रको माध्यमबाट अनुभवी निर्माण व्यवसायिबाट सम्पन्न गर्नुपर्दछ । यसका उदाहरणहरु
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>कामको विवरण</th><th>कुल कार्य सम्पन्न</th><th>हेभी मेशिनरी वापतको अशं</th><th>भुक्तानी रकम</th><th>निर्माण कम्पनी</th></tr>
<tr><td>1४/९/२५</td><td>कालि भर्तागाड हुदै राकटिया सडक निर्माण</td><td>१५६९२६५</td><td>१४२५०००</td><td>१४२५०००</td><td>मिनराज कन्ट्रक्सन</td></tr>
<tr><td>८/८/२४</td><td>भदाले देखी मृर्गे खोला हुदै गाम्बिरा सडक निर्माण</td><td>५७६३८५९</td><td>३१३७७६०</td><td>३१३७७६०</td><td>सूर्य निर्माण सेवा</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३/०८/१४ | भर्ताकाली भर्तागाड देखी क्यानविस्कुना सडक निर्माण | १४३०५८५ | ४८९७२१।०९ | ४८९७२१।०९ | पलता मल्टीप्रोडक्ट कम्पनि |
| २२/०९/०८ | कालि साका भर्ता सडक निर्माण | ३८२५६५२।६२ | २०४३२१२।५४ | २०४३२१२।५४ | किष्टल एण्ड श्रवण निर्माण सेवा |
| ११३/०२/१२ | अधिकारी वडा देखी सुकटिया सडक निर्माण | २६२१४२४।७३ | ११४८१५८।७४ | ११४८१५८।७४ | नविन निर्माण सेवा |
| १३१/०३/१४ | प्रसाबखोला देखी भडेगाउ हुदै सुकुटिया सडक निर्माण | २२००७०४।८९ | १८२५६६७।८९ | १८२५६६७।८९ | भवानी कालिका कन्स्ट्रक्सन |
| 10१/12/१७ | भदाले देखी मूर्गेखोलाहुँदै गाभिरा सडक निर्माण | ४४९६१०३।२९ | १६४७८०३।२९ | १६४७८०३।२९ | सत्यवति निर्माण सेवा |
| 10४/१२/1८ | व्याहुली पातण्डी सडक मर्मत | ११११६९५।८० | २७२७५५।८० | २७२७५५।८० | सत्यवति निर्माण सेवा |
| 1७४/३/2२ | घट्टेखेत देखी देबलडाडा सडक निर्माण | ४४०२७७६।८० | २८४३९९४।५४ | २८४३९९४।५४ | केडिएस कन्सन्ट्रक्सन |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८/१२।१७</td><td>छेलाहान्ना छाति सडक आयोजना<br>प्रदेश ससर्त</td><td>२३८१८७८।२९</td><td>१११६६८५।६२</td><td>१११६६८५।६२</td><td>किष्टल एण्ड श्रवण निर्माण सेवा</td></tr>
<tr><td>१९/०३।३२</td><td>महादेब मा.वि.फिल्ड निर्माण प्रदेश शशर्त</td><td>११५१०२७।५४</td><td>७७८४२७।५५</td><td>७७८४२७।५५</td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१६७२९१८७।०६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>उपभोक्ता समितिमार्फत जटिल प्रकृतिको कार्यः<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्यिता, गुणस्तरीयता वा दिगोपना कायम हुने भएमा वा परियोजनाको मूख्य उद्देश्यनै रोजगारी सृजना गर्ने वा लाभग्राही समुहलाई सहभागी गराउने भएमा यस्ता समुहबाट कार्य गराउन सक्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा एक करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बसोवास गर्ने वासिन्दा निर्माण कार्यको उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने तथा यसै नियमको उपनियम ३(घ) मा सम्पन्न निर्माण कार्यको मर्मत सम्भमर तथा सञ्चालन उपभोक्ता समिति मार्फत गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निम्न कार्यहरु लागत अनुमान तयार गरी उपभोक्ता समितिमार्फत गराएको छ । यस्ता कार्यहरु हुनै सिमित उपभोक्ता समिति वा लाभग्राही समुदायले मात्र उपभोग गर्ने सेवा नभएको तथा यसको मर्मत सम्भार र सञ्चालन समेत उपभोक्ता समितिले नगर्ने तथा जटिल प्रकृतिको कार्य समेत भएकोले यस्ता कार्यहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिमको प्रतिस्पर्धात्मक प्रकृया अवलम्बन गरी व्यवसायि र अनुभवी निर्माण व्यवसायि मार्फत गराउनु उपयुक्त देखिन्छ ।यसका केही उदाहरणहरु निम्न छन् ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौचर नं/मिति</th><th>आयोजनाको नाम</th><th>कुल कार्य सम्पन्न</th><th>उपभोक्ता समितिको अशं</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>११०/२०७९।०२।१२</td><td>पालिका भवन निर्माण</td><td>६६२२४६८।००</td><td>२८२२४६८</td><td>३८०००००।००</td><td>जम्मा भुक्तानी रकम मध्ये २६००००० अघिल्लो आ.ब.मा भुक्तानी भएकोमा यस आ.ब.मा १२००००० भुक्तानी भएको ।</td></tr>
<tr><td>१३/२०७९।०३।२०</td><td>दाहाल मा.वि भवन निर्माण<br>(प्रदेश शशर्त)</td><td>४१५९७४७।८०</td><td>८३४७४७।७७</td><td>३३२५०००।००</td><td>स्कुल भवन उपभोक्ता समितिमार्फत निर्माण गरेको तर उक्त उपभोक्ता समितिमा विद्यालयको प्रतिनिधित्व भए नभएको यकिन गर्न सकिएन ।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>डोजर प्रयोग गरी मानिसको दररेटमा भुक्तानीः<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग/अन्तिम तथा उपभोक्ता समितिको विल भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी</td><td>६,०१०,४७७.०२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिमार्फत निर्माण कार्य गराएका देहायका आयोजनाहरुमा डोजर तथा मानिस दुवैको प्रयोग गर्ने गरी दुईवटा दररेटमा लागत अनुमान तयार पारी सोही बमोजिम भुक्तानी समेत दिएको छ । नापी किताबमा उल्लेख भएका चेनएजहरुमा विभिन्न प्रकारको माटो काट्ने काम मध्ये सबै प्रकारका माटो काट्ने काम (ATOS) मा मात्र मानिसको प्रयोग भएको र अन्य माटो काट्ने काममा डोजरको प्रयोग भएको भनि बिल तयार पारेको छ । तर उक्त नापि किताबमा कुन चेनएजमा मानिसको तथा कुनमा डोजरको प्रयोग गरिएको छुट्टाएको छैन भने सबै चेनएजमा सबै प्रकारका माटो काट्ने काम (ATOS) मा मात्र समानुपातिक हिसाबले मानिसको अशं निर्धारण गरेको छ ।सामान्यतया एउटै चेनएजमा मानिस र मेशिन प्रयोग गर्न नसकिने तथा यसरी हरेक चेनएजमा मानिस र मेशिन दुबैको प्रयोग गरिनुको प्राविधिक पुष्ट्याई समेत संलग्न गरेको छैन। तसर्थ एउटै चेनेजमा मानिस र मेशिनको समानुपातिक रुपमा प्रयोग गर्नुको प्राविधिक पुष्ट्याई पेश हुनुपर्ने अन्यथा सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु | |

| कामको विवरण | परिमाण (घनमिटर ) | दर | रकम | मेशिनको दर | मेशिनले हुने रकम | उपभोक्ता समितिको अशं | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| भदाले देखी मूर्गे खोला हुदै गाम्बिरा सडक निर्माण | ४९०७।६२ | ८०० | ३९२६०९९ | ८२।३५ | ४०४१४३ | १३६३८६० | २१५८०९६ |
| भर्ताकाली भर्तागाड देखी क्यानविस्कुना सडक निर्माण | १२४५।७८ | ८०० | ९४०६८२।४० | ८२।३५ | १०२५८९।९८ | १४८०८५।०७ | ६९०००७।३५ |
| अधिकारी वडा देखी सुकटिया सडक निर्माण | ६०९।४८ | ८०० | ४८७५८४।०० | ८२।३५ | ५०१९०।६८ | १५३७५९।८२ | २८३६३३।५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| भदाले देखी मृर्गेखोला हुँदै गाभिरा सडक निर्माण | ३५६०।३८ | ८०० | २८४८३०४।०० | ८३।९६ | २९८९२९।५० | ६९६१०३।२९ | १८५३२७१।२१ |
| व्याहुली पातण्डी सडक निर्माण | १०४८।६५ | ८०० | ८३८९२०।०० | ८६।७१ | ९०९२८।४४ | २६१६९५।८० | ४८६२९५।७६ |
| घट्टेखेत देखी देबलडाडा सडक निर्माण | ४५७।०६ | ८०० | ३६५६५०।८० | ८२।३५ | ३७६३८।८९ | २६०७६८।१८ | ६७२४३।७३ |
| छेलाहान्ना छाति सडक निर्माण (प्रदेश शशर्त) | १७५०।०८ | ७२५।५१ | १२६९७००।५४ | ८७।८६ | १५३७६२।०२ | ४८१८७८।२९ | ६३४०६०।२५ |
| महादेब मा.वि.फिल्ड निर्माण प्रदेश शशर्त | १८६।३० | ८०० | १४९०४०।०० | ८३।३५ | १५५५६।०५ | २०१०२७।५४ | १२१५०२।७२ |
| | १३९।७३ | १६०० | २२३५६८।०० | २४७।०६ | ३४५२१।६९ | | |
| जम्मा | | | | | | | ६०१०४७७।०२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **उपभोक्ता समितिलाई ओभरहेड खर्च तथा मु.अ.कर भुक्तानीः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा ओभरहेड तथा मु.अ.करको अशं कट्टा गरी भुक्तानी गर्नुपर्दछ । गाउँपालिकाले भलेगाड पालिका सम्म विद्युत लाईन विस्तार उपभोक्ता समितिलाई उक्त कार्यको लागत अनुमान तयार गरी भुक्तानी गर्दा कुल लागत मूल्यमा ओभरहेड तथा मु.अ.करको अशं समेत जोडेर सोहि दररेटमा भौचर नं ८/२०७९।०९।२६ बाट जम्मा रु.९५००००।०० भुक्तानी गरेको देखिएकोले सो वापतको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने | ७८,८३०.६४ |

| कामको विवरण | कार्यसम्पन्नपरिमाण | दर | ओभरहेड | मु.अ.कर | जम्मा भुक्तानी रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| Pole Standing Work with exacuation | २५ | ४०४५।५७ | - | ४६५।४२ | १०११३९।२५ | ८९५०३।७६ | ११३६५।४९ |
| String of distribution line 4 wire | ८।८० Km | ३१३०७।४३ | ३६१३।७९ | ३६०१।७४ | २७५५०५।३८ | २१२००८।७६ | ६३४९६।६२ |
| String of distribution line 3 wire | ०।३० Km | ३१३०७।४३ | ३६१३।७९ | ३६०१।७४ | ९३९२।२३ | ७२२७।५७ | २१६४।६६ |
| String of distribution line 1 wire | ०।२५ Km | ३१३०७।४३ | ३६१३।७९ | ३६०१।७४ | ७८२६।८६ | ६०२२।९९ | १८०३।८७ |
| जम्मा | | | | | | | ७८८३०।६४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **मर्मत सम्भार कोषको रकम भुक्तानीः**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण गराएका कार्यहरुमा मर्मत सम्भार कोष व्यवस्था गर्न सकिने व्यवस्था छ । कार्यालयले भौचर नं ८/२०७८।०८।२४ मा भदाले देखी मूर्गेखोला हुँदै गाम्भिरा सम्मको सडक निर्माण वापत तयार भएको अन्तिम उपभोक्ताको विल बमोजिम जम्मा भुक्तानी रकम रु.५७०००००।०० बाट सो कोषको व्यवस्था गर्नुपर्नेमा थप रु.६००००।०० खर्च लेखाङ्कन गरी सोबाट मर्मत सम्भार कोष सम्बन्धित उपभोक्ता समितिको नामबाट जम्मा/दाखिला गरेको नियमसङ्गत नदेखिएकोले सो रकम राजस्वमा सदरस्याहा गर्नुपर्ने रु.. | ६०,००० |
| ६१ | | | **प्रमाण वेगर भुक्तानीः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी कारोवारको भुक्तानी गर्दा विल भौचर तथा भरपाई संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका फर्म तथा आपूर्तिकर्ताहरुलाई भुक्तानी गर्दा विल भौचर तथा भरपाई संलग्न भएको नदेखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु | ७७८,४२७.५५ |

| आयोजनाको नाम | भौचर नं/ मिति | विजक नं /मिति | आपूर्तिकर्ताको नाम | रकम | मू.अ.कर | कैफियत |
|---|---|---|---|---|---|---|
| महादेब मा.वि फिल्ड निर्माण | १९/२०७९।०३।३२ | नभएको | नभएको | ७७८४२७।५५ | - | डोजर प्रयोग भएको भनि नापि किताबमा देखाएको तर विजक संलग्न नभएको । |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **उपभोक्ता समितिवाट गराएको निर्माण कार्यमा करकट्टीः** | ५९,५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आयकर ऐन २०५८ को दफा ८९ (३क) मा उपभोक्ता समितिबाट गराएको निर्माण कार्यमा ५० लाख रुपैया भन्दा बढी भुक्तानी भएमा १।५ प्रतिशतका दरले अग्रीम करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले उपभोक्ता समिति मार्फत निर्माण गराएका देहायका भुक्तानीमा अग्रीम करकट्टी नगरेको तथा कम कट्टी गरेको रकम असुल गर्नुपर्ने.<br><br>
<table>
<tr><th>क्र.स.</th><th>आयोजनाको नाम</th><th>जम्मा भुक्तानी रकम</th><th>गो-भौ-नं/मिति</th><th>१।५ % रकम</th><th>कट्टी रकम</th><th>कम कट्टी रकम</th></tr>
<tr><td>१</td><td>भदाले देखी मूर्गे खोला हुदै गाम्बिरा सडक निर्माण</td><td>५७०००००</td><td>८/२०७८।०८।२४</td><td>८५५००।००</td><td>२६०००</td><td>५९५००।००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>५९५००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>रितपूर्वकको कर विजकः<br><br>मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता रहेका आपूर्तिकर्ताबाट बस्तु तथा सेवाको खरिद गर्दा कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले देहायका निर्माण उपभोक्तासँग निर्माण कार्य गराउँदा सामाग्री खरिद गरेका विजकहरु उक्त ऐन बमोजिम रितपूर्वकको नभएकोले सोको मु.अ.कर समायोजन पेश गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>आयोजनाको नाम</th><th>भौचर नं/ मिति</th><th>विजक नं /मिति</th><th>आपूर्तिकर्ताको नाम</th><th>रकम</th><th>मू.अ.कर</th><th>कैफियत</th></tr>
<tr><td>कालि भर्तागाड हुदै राकटिया सडक निर्माण</td><td>१४/१०७८।०९।२५</td><td>०१/२०७८।०९।२५</td><td>मिनराज कन्स्ट्रक्सन</td><td>१२६१०६१</td><td>१६३९३८</td><td>विजक नं केरमेट रहेको ।</td></tr>
</table></td><td>५०७,५९१.५८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भदाले देखी मृर्गेखोला हुँदै गाम्भिरा सडक निर्माण</td><td>१०१/२०७८।१२।१७</td><td>१४/२०७८।१२।१६</td><td>सत्यवति निर्माण सेवा</td><td>१६१७१९१</td><td>२१०२३४</td><td>फोटोकपी विल रहेको</td></tr>
<tr><td>जनज्योति मा.वि. ICT Lab स्थापना कार्यक्रम</td><td>३०/२०७९।०३।२४</td><td>७५०/२०७९।०३।२४<br>७४९/२०७९।०३।२४</td><td>ज्वाला कम्प्युटर</td><td>५७५२१९।८६</td><td>७४७७८।५८</td><td>फोटोकपि विल रहेको</td></tr>
<tr><td>अधिकारी वाडा सुकुटिया सडक निर्माण</td><td>११३/२०७९।०२।२२</td><td>३/२०७८।०३।२०</td><td>कर्णाली इनोभेसन अर्डर सप्लायर्स प्रा.लि</td><td>४३००८८</td><td>५५९११।००</td><td>फोटोकपि विल रहेको</td></tr>
<tr><td>६ नं वडा सचिव जनक बहादुर शाही पे.फ.</td><td>४२६/२०७९।०३।२२</td><td>१३९१३०० र १४१४५०२</td><td>वल्डलिंक कम्युनिकेशन</td><td>२१०००।००</td><td>२७३०।०</td><td>विजक रित नपुगेको</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>५०७५९१।५८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>उपभोक्ता समितिको अशं कम गरी भुक्तानीः</td><td>४२,४९९.२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाले वेहुली पातन्डी सडक निर्माण उपभोक्ता समितिको कार्यसम्पन्न प्रतिवेदन तयार पार्ने क्रममा रु.१११११९९७।६५ को लागत अनुमानमा रु.३०४१९५।०० जनश्रमदानको अशं हुने भनी स्वीकृत गरेकोमा रु. १११११६९५।०० को कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोमा रु.३०४१९५।०० जनश्रमदानको अशं हुनुपर्नेमा रु.२६१६९५।८० मात्र जनश्रमदान वापत कट्टा गरेकोले बढी भुक्तानी भएको रकम असुल रु...</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>बढी दररेटमा भुक्तानीः<br><br>पालिकाले प्रसामखोला देखी उडोगाँउ हुँदै पालिका सुकुटिया सम्म सडक निर्माण उपभोक्ता समितिलाई सडक निर्माण कार्यको लागत अनुमान स्वीकृत गर्दा विश्लेषण गरेको दररेटभन्दा कार्यसम्पन्न प्रतिवेदन तयार पार्द सो दररेटमा वृद्धि गरेको कुनै प्राविधिक पुष्ट्याई तथा सार्वजनिक खरिद नियमावली बमोजिमको मुल्य समायोजन समेत जारी गरेको नदेखिएकोले बढी दरमा भुक्तानी भएको सो रकम असुल गर्नुपर्ने
<table>
<tr><th>निर्माण कार्यको काम</th><th>सम्पन्न परिमाण घनमिटर</th><th>स्वीकृत दर</th><th>भुक्तानी दर</th><th>बढी भुक्तानी दर</th><th>रकम</th></tr>
<tr><td>Earth work in Hard Rock</td><td>११२०।४०</td><td>११४८।७७</td><td>१३४९।७२</td><td>२००।९५</td><td>२२५१४४।३८</td></tr>
<tr><td>Earth work in OR</td><td>१६२१।१०</td><td>२५९।६७</td><td>३१३।२६</td><td>५३।५९</td><td>८६८७४।७५</td></tr>
<tr><td>Earth work in ATOS</td><td>१७०४।३०</td><td>८६।५६</td><td>१०४।४२</td><td>१७।८६</td><td>३०४३८।८०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३४२४५७।९३</td></tr>
</table></td><td>३४२,४५७.९३</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>हेल्भेटाससँगको साझेदारीः</td><td>७६७,६२७.१६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता समितिबाट कार्यगर्दा जनश्रमदानको अशं निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका खानेपानी आयोजना हेल्भेटास, जनश्रमदान र कार्यालयको साझेदारीमा खानेपानी आयोजना सञ्चालन गरेकोमा सम्झौताभन्दा कार्यसम्पन्न प्रतिवेदनमा कार्यालयको अशं बढी गरी भुक्तानी गरेको देखिएकोले सो रकम सम्बन्धित उपभोक्तासमितिबाट असुल गर्नुपर्ने रु | |

| आयोजनाको नाम | लागत अनुमान | कार्यालयको अशं (कन्टिन्जेन्सीबाहेक) | प्रतिशत | कुल कार्यसम्पन्न | भुक्तानी रकम | हुनुपर्नेकार्यालयको अशं | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| धाचु ठिगेनी गोरेमाला खापा तथा सरसफाई | १३२६९०८२ | २९००५६६।२० | २१।८६ | ४३३६३६०।०० | १३५०००० | ९४७९२८।३० | ४०२०७१।७० |
| जरायोढुङ्गा बडेमुला खानेपानी आयोजना | ४२३५४१३।७५ | ९३३०९४।२७ | २२।०३ | ३५२३२९९।०० | ८९७५९४ | ७७६१८२।७७ | १२१४२२।२३ |
| चक्रराराखानेपानी तथा सरसफाई आयोजना | ४१२३७४०।२३ | ८६७०३६।५५ | २१।०२ | ३८५५१२९।९६ | ८६७०३७ | ८१०३४८।३२ | ५६६८८।२३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ओखरचाखा खानेपानी आयोजना</td><td>१०५६३११२।८</td><td>२२९३१५२।३५</td><td>२१।७१</td><td>९६८९४२३</td><td>२२९०८१८</td><td>२१०३५७३</td><td>१८७२४५।००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>७६७६२७।१६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>
भेरिएसन आदेशः<br><br>
सार्वजनिक खरिद नियमावली, 2064 को नियम 118(२)(क) कुनै निर्माण कार्यको डिजाइन, नक्सा तथा ड्र्इङ्ग बदल्नु पर्ने भएमा वा नयाँ कार्य सम्पन्न गर्नुपर्ने भएमा अधिकार प्राप्त अधिकारी बाट प्राविधिक पुष्ट्याई सहित भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । कार्यालयले उपभोक्ता समिति मार्फत निर्माण गराएका घट्टेखेत देखी देबलडाडा सडक निर्माण समितिको कार्यमा लागत अनुमान भन्दा देहायको नयाँ कार्य थप तथा नापजाँच गरी भुक्तानी गरेकोमा सोको प्राविधिक पुष्ट्याई एवं भेरिएसन आदेश जारी भएको नदेखिएकोले थप कार्यको प्राविधिक पुष्ट्याई पेश हुनुपर्ने
<table>
<tr><th>सि.न.</th><th>नया कार्यको नाम</th><th>परिमाण घनमिटर</th><th>रकम</th><th>उपभोक्ताको अशं</th><th>कार्यालयको भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>Land Slide Remove By Machine</td><td>४९८६।४५</td><td>३९८८४३।७६</td><td>५४६०१।७१</td><td>३४४२४२।०५</td></tr>
<tr><td>२</td><td>Land Slide Remove By Man</td><td>५५४।०५</td><td>४४३२४०।००</td><td>६०६७९।५६</td><td>३८२५६०।४४</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>७२६८०२।४९</td></tr>
</table>
</td><td>७२६,८०२.४९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **दाखिला प्रतिवेदन पेश गर्नुपर्नेः**<br><br>आर्थिक कर्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम मा जिन्सी मालसामान दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले भौचर नं १४३/२०७९।०३।१६ मा हिमचुली कृषि सहकारी लाई वडा नं १ को सोलार सेट जडान गरेको भनि ब्राइट भिजन इनर्जिको विजक नं ३३ बाट रु.१५९८००।०० तथा विजक नं ३४ बाट रु.११९३००।०० गरी जम्मा रु.२७८६००।०० भुक्तानी गरेकोमा सो सोलार सेटहरु पालिकाको जिन्सी अभिलेख पुस्तिकामा उल्लेख नरहेको साथै जिन्सी दाखिला समेत भएको नदेखिएकोले सो मालसामान जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने अन्यथा सो रकम असुल गर्नुपर्ने रु | २७८,६०० |
| ६९ | | | **मर्मतसंम्भारः**<br><br>नियम ९७ ३ (घ) मा उपभोक्ता समितिवाट सम्पन्न निर्माण कार्यको मर्मत संभार उपभोक्ता समितिले गर्नु पर्ने, उपनियम १० मा कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व समेत हस्तान्तरण उपभोक्तालाई गर्नुपर्ने उल्लेख छ ।यस पालिकाले उपभोक्ता समिति मार्फत संञ्चालन गरीएका निर्माण कार्यहरू कुनैपनि हस्तान्तरणगरेको नदेखिएको र गत विगतमा कार्य सम्पन्न गरीएका कार्यहरूको उपभोक्ताले मर्मत संम्भार गरेको अभिलेख समेत पालिकाले राखेको छैन।कानुनत तोकिएको अवस्था सम्झौतामा समावेस गरी लाभग्राही वा उपभोक्ता समितिले संचालन गरेका योजनाहरू सोही उपभोक्ता समितिबाट मर्मत सम्भार र रेखदेख गर्ने व्यवस्था गरी स्थानीय उपभोक्तालाई स्वामित्व हस्तान्तरण गरी हरेक वर्ष मर्मत संम्भारमा बढ्दै गएको सरकारी खर्चलाई नियन्त्रण गरीनु पर्दछ। | |
| ७० | | | **स्पसिफिकेशन तथा लागत अनुमान बेगर खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५क मा मालसामान तथा निर्माण कार्य वा सेवा खरिद गर्नुपूर्व लागत अनुमान तथा स्पेसिफिकेसन तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले निम्नानुसारका खरिदमा स्पसिफिकेशन तथा नियमावलीको व्यवस्था बमोजिम लागत अनुमान तयार गरेको पाइएन । यसबाट आपूर्ति गरिएका समाग्री यथार्थता यकीन गर्न सकिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>फर्मको नाम</td><td>कामको विवरण</td><td>रकम रु</td></tr><tr><td>चंखेली इनर्जी प्रा ली</td><td>सोलार मिनिग्रेड तथा पोल खरिद</td><td>६००००००।००</td></tr><tr><td>सरोबर ट्रेड कन्सर्नबाट</td><td>सेनिटरी प्याड खरिद</td><td>१००००००।००</td></tr></table></td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्च अभिलेखः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ।कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन।यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन।नियमावलीको ब्यवस्था बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>मर्मत सम्भार तथा संरक्षण आदेश<br><br>कार्यालयले सम्पतिको समयमै मर्मत, सम्भार गरि प्रयोगमा ल्याउने, उक्त मर्मत सम्भार तथा संरक्षण खर्चलाई तुलनात्मक विश्लेषणको आधारमा विश्लेषण गर्न कुनै सम्पत्तिलाई मर्मत गर्नु अघि मर्मत सम्भार तथा संरक्षण आदेश म ले प फा नं ४१४ स्विकृत गर्नुपर्दछ । तर कार्यालयले देहाय अनुसारका सम्पत्तिको मर्मत गर्दा उल्लेखित व्यवस्था पालना गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>टुक्रा खरिदः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासँग जम्मा ५ लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सोझै खरिद गर्न सकिने व्यवस्था छ साथै नियम १९ मा २० हजार रुपैया सम्मको फुटकर खरिद मु.अ.करमा दर्ता नभएका आपूर्तिकर्ताबाट खरिद गर्न सकिने व्यवस्था छ ।तर कार्यालयले बिभन्न फर्मवाट</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खरिदलाइ टुक्रा पारी पटक पटक गरेको पाइयो । यस्ता कार्यहरु नियन्त्रण गर्नु पर्दछ ।जस्का केही उदाहरणहरु देहाय बमोजिम छन ।<br><br>
<table>
<tr><th>गो भौ मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२७।२०७८।६।२३</td><td>बिबिध खर्च</td><td>हिमानी होटेल</td><td>१०००००।००</td></tr>
<tr><td>७२।२०७८।८।१३</td><td>मर्मत</td><td>चौलागाइ अटोपार्टस</td><td>१२५५००।००</td></tr>
<tr><td>८८।२०७८।८।२३</td><td>मसलन्द</td><td>कृष्टल जनरल स्टोर</td><td>१०४४००।००</td></tr>
<tr><td>८८।२०७८।८।२३</td><td>मसलन्द</td><td>कृष्टल जनरल स्टोर</td><td>१५६९००।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>परामर्श सेवाको खरिदः<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा खरिदको लागत अनुमान तयार गर्नुपर्ने र नियमावलीको नियम ६९ मा कार्यक्षेत्रगत शर्तहरु तयार गर्नपर्ने व्यवस्था छ । कार्यालयले राराकाटिया अस्पताल निर्माणको डीपीआर तयारीका लागि पाण्डबगुफा इन्जियनियरिङ कन्सल्टेन्सीसँग रु ९८३१००।०० को खरिद सम्झौता गरेकोमा सोको लागत अनुमान तथा शर्तहरु तयार गरेको छैन । यसबाट आवश्यक शर्तको पालना गरी मितव्ययी ढंगबाट परामर्श सेवा खरिद भएको यकीन गर्न सकिएन ।लागत अनुमान तथा कार्यक्षेत्रगत शर्तहरु तयार गरी खरिद गर्नेतर्फ निकायको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>भाडा दरः<br><br>जिल्ला भित्र प्रयोग हुने डोजर एक्साभेटरको भाडा जिल्ला दररेटमा उल्लेख भएकोमा सोही अनुसार र नभएमा स्थानीय तहले जिल्ला भर समान दररेट कायम गरी सो अनुसार कार्य हुनुपर्दछ । आर्थिक वर्ष २०७८।७९ मा उपभोक्ताले डोजर एक्साभेटर संग</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्झौता नगरी कार्यालयवाट भुक्तानी लिने रकमको एकमुष्ठ मेसिन प्रयोगको भाडामा लिई कार्य गराएको देखियो । गाउँपालिकाले डोजर एक्साभेटर भाडामा एकरुपता ल्याउन आवश्यक निर्णय गरी उपभोक्ताले एकमुष्ठ विल पेश गर्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ। | |
| ७६ | | | **सिमाभन्दा बढी सोझै खरिद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) बमोजिम २० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको मालसामान वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यलयले प्रदेश पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सोलार मिनीग्रेड कार्यक्रमका अन्तर्गत वडा नं. ४ मा बिद्युत बिस्तारका लागि सोलार मिनिग्रेड तथा पोल खरिदका लागि रु ६०११६००।०० को लागत अनुमान तयार गरेको पाइयो।उक्त सामाग्री खरिदका लागि सार्वजनिक सुचना समेत आह्वान नगरी प्रतिस्पर्धा बेगर सिधै २०७८।११।१२ मा चंखेखी इनर्जि प्रा ली सँग रु. ६२९२०१६।०० को खरिद संम्झौता गरेको पाइयो ।उक्त कार्यका लागि कार्यालयले व्यहोर्ने अंश रु. ६००००००।०० बाट कन्टिन्जेन्सी रु. १२००००।०० कट्ट गरी भौ नं १।२०७८।११।२३ बाट रु १७६४०००।०० र भौ नं ३८।२०७९।३२० बाट रु ४११६०००।०० भुक्तानी दिएको पाइयो।यसरी सार्वजनिक खरिद ऐन तथा नियमाबलीको पालना नगरी प्रतिस्पर्धा वेगर सोझै खरिद गरि भुक्तानि दिएको नियमसम्मत नदेखिएको रू. | ५,८८०,००० |
| ७७ | | | **सोझै खरिद**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने र रु.5 लाख सम्मको मूल्यको एउटै सामान खरिद गर्नु परेमा सार्वजनिक खरिद नियमावली, २०६४ नियम ८५ बमोजिम सोझै खरिद गर्न सकिने र सो भन्दा बढी मूल्यको खरिद गर्नु परेमा सिलबन्दी तथा बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा हुने गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। साथै नियम ८५(१)(ख) मा एक आर्थिक वर्षमा एउटै फर्म वा कम्पनीबाट पटक-पटक सोझै खरिद गर्न नसकिने उल्लेख छ। गाउँपालिकाले रारा घाट विद्यालय सडकखण्डलाई टुक्रा-टुक्रा पारी भवानी कालिका कन्सट्रक्सनसँग प्रथमपटक रु.२५९९००।०० र दोस्रो पटक रु.४९३८१०।०० गरी जम्मा रु.७५३७१०।०० को पटक पटक सोझै निर्माण गराई भौचर नं २३/२०७८।०९।१८ बाट भुक्तानी गरेको रकम नियमित नदेखिएको साथै सो रकमको भुक्तानीको लागि पेश | ७५३,७१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको विजकहरु ०७/२०७८।०९।२१ र ०६।२०७८।०९।२१ फोटोकपि रहेकोले सोको मूल्य अभिवृद्धि कर समायोजन समेत पेश गर्नुपर्ने | |
| ७८ | | | **सिलबन्दी दरभाउपत्र मार्फत खरिदः**<br><br>गाउँपालिकाले हाडिगाउँ देखि कैलास सम्मको सडकमा ग्याविन लगाउनको लागि ग्याविन बक्स खरिद गर्न सिलबन्दी दरभाउपत्र माग गरेकोमा सत्यवति निर्माण सेवाले रु.१४२७३०३।०० मा ठेक्का प्राप्त गरी सम्झौता गरेकोमा देखिएका व्यहोराहरुः | |
| ७८.१ | | | **लागत अनुमान तथा प्राविधिक स्पेसिफिकेशनः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा कुनै पनि सार्वजनिक कार्यको विवरण तयार पारी दफा ५ बमोजिमको लागत अनुमान तयार पार्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ बमोजिम लागत अनुमान तयार गरी नियम १४ बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सिलबन्दी दरभाउपत्रका माध्यमबाट ग्याविन बक्स खरिद गरेकोमा सोको प्राविधिक स्पेशिफिकेशन तथा दररेट विश्लेषण सहितको लागत अनुमान तयारी तथा स्वीकृति गरेको पाइएन । दरभाउपत्र विश्लेषण (Comparative Chart) गर्दा मात्रै लागत अनुमान मु.अ.कर सहित रु.१४४०१४७।५० कायम गरि कम कवोल गर्ने सत्यवति निर्माण सेवासँग रु.१४२७३०३।०० को खरिद सम्झौता गरेको छ । लागत अनुमान तयार तथा स्वीकृत नगरेकोले दरभाउपत्रको मूल्याङ्कन यथार्थपरक भए नभएको सम्बन्धा आश्वस्त हुन सकिएन । | |
| ७८.२ | | | क्षतिपुर्तिः पालिकाले सत्यवति निर्माण सेवासँग मिति २०७८।१०।०२ मा सम्झौता गरी २०७८ फाल्गुण मसान्तमा कार्य सम्पन्न गर्ने गरी कार्यदेश दिएको छ । उक्त आपूर्तिकर्ताले सम्झौता बमोजिमको मालसमान २०७८ फाल्गुण मसान्त भित्रमा आपूर्ति गरिसक्नुपर्नेमा पालिकाले २०७९।०२।१२ मा बुझिलिइ भौचर नं १११।२०७८।०२।१२ बाट रकम रु.१४२७३०३।०० भुक्तानी दिएको छ ।उक्त सम्झौताको म्याद समाप्त भइसके पश्चात पालिकाले म्याद थप समेत नगरी भुक्तानी दिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम सम्झौता अंकको प्रतिदिन ०।०५ प्रतिशतले ७१ दिनको क्षतिपूर्ति असुल हुनुपर्ने रु. सम्बन्धित आपूर्तिकर्ताबाट असुल गर्नुपर्ने | ५०,६७० |
| ७९ | | | **मुल्य अभिबृद्धि कर समायोजन** | ११३,१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | मुल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम १७ मा यस नियमावली बमोजिम करमा दर्ता भएका फर्मले बस्तु तथा सेवा आपुर्ति गर्दा अनुसुचीमा तोकीएको ढाँचामा कर बीजक जारी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पाण्डबगुफा इन्जियनियरिङ कन्सल्टेन्सीसँग परामर्श सेवा खरिद गरी भौ नं १९३।२०७९।३।२५ बाट मु अ कर सहित रु ९८३१००।०० भुक्तानी दिएकोमा फोटोकपी बिजक पेश गरेकोमा बिजक नम्बर समेत स्पष्ट उल्लेख भएको पाइएन । अत उक्त बिजकमा भुक्तानी दिएको मु अ कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु | |
| ८० | | | **भर्तागाड राराकाटिया सडकः** | |
| ८०.१ | | | **भर्तागाड राराकाटिया सडक निर्माण :** सार्वजनिक खरिद नियमावली २०६४ कव नियम १२१ मा तोकिएका म्याद भित्र सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी सम्झौता अंकको प्रतिदिन ०।०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षातिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले भर्तागाड राराकाटिया सडक निर्माणका लागि सुर्य अजा जे भीसँग २०७८।३।२५ मा सम्पन्न गर्ने गरी २०७७।९।२१ मा मु अ कर बाहेक रु ९३३४७९२।०० को सम्झौता गरेको पाइयो।शुरु म्याद समाप्त भएपश्चात कार्यपालिकाको निर्णय अनुसार २०७८ चैत्र मसान्त सम्म थप गरिएको जानकारी निमित्त प्रमुख प्रशासकीय अधिकृतले २०७८।२।९ मा निर्माण व्यवसायीलाइ दिएको पाइयो ।निर्माण व्यवसायीले २०७८।२।२ मा म्याद थपका लागि निबेदन दिएकोमा समयमै काम सम्पन्न नहुनको प्राबिधक पुष्टयाइ उल्लेख नभएको र उक्त पत्र कार्यालयमा दर्ता समेत भएको पाइएन ।पालिकाले पहिलो पटक थपिएको म्याद समाप्त भए पश्चात म्याद थप नगरी भौ नं ११५।२०७९।२।१२ बाट रु १४९१९९०।०० भुक्तानी दिएको पाइयो । भौचरसाथ संलग्न नापि बिलमा कामको नापजाँच गरेको मिति समेत उल्लेख गरेको छैन ।यसरी म्याद समाप्त भइ सके पछि भुक्तानी दिएकोले नियमावलीको व्ययस्था बमोजिम सम्झौता अंकको प्रतिदन ०।०५ प्रतिशतले ४२ दिनको क्षतिपूर्ति असुल गर्नुपर्ने रु | १९६,०३० |
| ८०.२ | | | बीमा रकम असुल : आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा खर्चको बिल भरपाइ संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी सुर्य अजा जे भीलाइ बीमा गरेको प्रमाण बेगर भौ नं ११५।२०७९।२।१२ बाट बीमा वापत रु १५००००।०० भुक्तानी दिएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु | १५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८०.३ | | | कार्य समम्पादन जमानत : सार्वजनिक दरिख नियमवली २०६४ को नियम कार्यसम्पादन जमानतको अवधी कार्य सम्पन्न भएको मितिले १३ महिना हुनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी सुर्य अजा जे भी ले भर्तागाड राराकाटिया सडक निर्माणको लागि सानिमा बैंक ली ले जारी गरेको कार्य सम्पादन जमानत रु ५८५४३३८ SBP90577800495 को म्याद २०७९ आषाढ १८ मा समाप्त भएको पाइयो । नियमावलीको व्यवस्था बमोजिम म्याद थप हुनुपर्ने रु | ५,८५४,३३८ |
| ८०.४ | | | **प्राबिधिक पुष्टयाइ बेगर बढी काम** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ नियम २ मा बढी परिमाणको काम गराउदा प्राबिधिक पुष्टयाइ र कारण उल्लेख गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी सुर्य अजा जे भी लाइ भौ नं ११५।२०७९।२।१२ बाट तेश्रो रनिङ बिलको भुक्तानी दिँदा कडा चट्टान काट्ने काम बिल अफ क्वान्टिटीमा ३६००.२४ घनमिटर रहेकोमा हालसम्म ८८३२.५१ कामको नापजँच गरी काम बिल अफ क्वान्टिटी भन्दा ५२३२.२७ घनमीटर बढी काम गरी रु १२० का दरले रु ६२७८७२।०० भुक्तानी दिएको पाइयो ।यसरी बिल अफ क्वान्टिटी भन्दा बढी कामको प्राबिधक पुष्टयाइ पेश हुनुपर्ने रु | ६२७,८७२ |
| ८१ | | | **छाती छेलोहन्ना सडकः**<br><br>कार्यालयले छती छेलोहन्ना सडक निर्माणका गर्न २०७८।७।२६ मा २०७९।३।३१ भित्र सम्पन्न गर्ने गरी निर्माण व्यावसायी अभियान आरिका जे भी सँग मुल्य अभिबृद्धि कर बाहेक रु ३६४६३६९।०० को सम्झौता गरेको पाइयो ।<br>निर्माण कार्यको बीमा : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा बीस लाख रुपैया भन्दा मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले निर्माण सामाग्री, काम, कामदार तथा उपकरणको बीमा गर्नुपर्ने व्वयस्था छ । कार्यालयले ठेक्का तथा उपभोक्ता समिति मार्फत गरेका निर्माण कार्य अन्तर्गत निर्माण सामाग्री, काम, कामदार तथा उपकरणको बीमा गराएको पाएन । बीमा नगर्दा जोखिम न्यूनिकरण नहुने भएकोले नियमावलीको व्यवस्था बमोजिम बीमा गर्नेतर्फ निकायको ध्यान जानु पर्दछ ।यसका केही उदाहरणहरु निम्नानुसार छन् । | |
| ८२ | | | **शिर्षक फरक पारी खर्चः** | १,११३,२५८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३८(२) अनुसार अधिकारप्राप्त अधिकारीले स्विकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकि रहेको कुरा यकिन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एउटा शिर्षकमा विनियोजन भएको वजेट अर्को शिर्षकमा खर्च गरेको पाइएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु<br><br>
<table>
<tr><th>गौ भौ नं ।मिति</th><th>स्विकृत कार्यक्रम</th><th>खर्च भएको कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>३६२,२०७८।०३।१६</td><td>पालिका शिक्षक अनुदान</td><td>इन्धन र बाविकास केन्द्र निर्माण</td><td>४२७५०</td></tr>
<tr><td>३८२,२०७८।०३।१७</td><td>पारिश्रमिक कर्मचारी</td><td>सडक मर्मत समिति भुक्तानी</td><td>९५०००</td></tr>
<tr><td>३९०,२०७८।०३।१८</td><td>पदाधिकारीको सुविधा</td><td>भेरी कर्णाली अटो पार्टसलाई मर्मत भुक्तानी</td><td>४७२०००</td></tr>
<tr><td>४३९,२०७८।०३।२२</td><td>कर्मचारी पारिश्रमिक</td><td>सडक मर्मत</td><td>४१६८५८</td></tr>
<tr><td>३४०,२०७८।०३।२२</td><td>कर्मचारी पारिश्रमिक</td><td>सवारी साधन मर्मत</td><td>८६६५०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१११३२५८।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रमः<br><br>सुरक्षीत नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ बमोजिम खरमुक्त छानको लागि गाउँपालिकाले ८८ जनालाई किस्ता स्वरुप प्रति व्यक्ति रु.२५०००।०० का दरले रु.२२०००००।०० भुक्तानी गरेकोमा उक्त कार्यविधि बमोजिम कार्य सम्पन्न प्रतिवेदन पास भएपछिमात्र रकम भुक्तानी गर्नुपर्ने, भुक्तानी पाउनेको नागरिकता तथा लालपूर्जाको प्रतिलिपि संलग्न गर्नुपर्नेमा पालिकाले नागरिकता तथा लालपूर्जाको प्रतिलिपि संलग्न छैन भने कार्य सम्पन्न प्रतिवेदन समेत संलग्नगरेको छैन् । पालिकाले</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उक्त सुविधा प्राप्त गर्ने लाभग्राहीहरुको नागरिता प्रमाणपत्र तथा लालपूर्जा समेत संलग्न गरी कार्यसम्पन्न प्रतिवेदन पेश भएपछि मात्र अनुदान वितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ८४ | | | **कोभिड १९ बाट अति विपन्नको लागि राहत वितरणः**<br><br>कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवारको लागि नगद हस्तारण कार्यविधि २०७८ बमोजिम गाउपालिकाले यस आ.ब मा विभिन्न ४०० जनालाई जनही रु.१० हजारका दरले जम्मा रु.४०००००० ।०० वितरण गरेको छ । यस सम्बन्धी थप व्यहोरा निम्मानुसार रहेका छन् :<br>**लाभग्राही छनोट र राहत वितरणः** उक्त कार्यविधिको दफा ३ मा लाभग्राही छनौट गर्ने आधार निर्धारण गरेको छ भने दफा ४ ले यदि कुनै परिवारको सदस्य संगठित/असंगठित क्षेत्रमा रोजगार गरिरहेको अवस्थामा, परिवारको कुनै एक सदस्यले कुनै पनि किसिमको सामाजिक सुरक्षाभत्ता प्राप्त गरिरहेको, पैत्रिक आयवाट तत्कालको आवश्यकता पुरा हुने अवस्था रहेको तथा प्रधानमन्त्री रोजगारीमा सहभागी भएको व्यक्तिले उक्त राहत नपाउने व्यवस्था छ । पालिकाले विभिन्न ८ वटा वडा कार्यालयबाट ४० जनाका दरले तथा अध्यक्ष र उपाध्यक्षको तर्फबाट ४०/४० जना गरी ४०० जनालाई राहत वितरण गरेको नमुना छनोटको आधारमा निवेदन परीक्षण गर्दा लाभग्राहीले अनुसुचि १ को ढाँचामा भर्नुपर्ने निवेदनका सम्पूर्ण कुराहरु स्वघोषणा गरेका छैनन् भने कुन आधार तथा मापदण्डको आधारमा उक्त सुविधा प्राप्त गर्ने हो सो समेत खुलाइएको छैन् । त्यस्तै वडा कार्यालयमा निवेदन दिएपश्चात वडा अध्यक्षबाट सिफारिस हुनुपर्नेमा २ वटा वडाको मात्र सिफारिसपत्र रहेको छ भने अन्य ३२० जनाको वडाले सिफारिस समेत गरेको छैन् । मापदण्डको दफा ६ को उपदफा ३ मा प्रशासकिय अधिकृतले रित पुगेका निवेदन छनोट गरी दावि विरोधका लागि सुचना जारी गर्नुपर्नेमा सो समेत नगरी निवेदनमा पूरा विवरण नभरेका तथा स्वघोषणा विना नगद हस्तातरण गरेको पाइयो । यसरी मापदण्डले स्पष्ट तोकेको अवस्थामा कुन आधार, मापदण्ड तथा दायराबाट सुविधा प्राप्त गर्ने हो सो समेत नखुलाई प्राप्त निवेदनकै आधारमा रकम वितरण गर्दा मापदण्ड विपरित भएकोले सो बितरण गर्नको आधार र पुष्टयाइ सहितको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ४,०००,००० |
| ८५ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५.१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिताः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको अवस्था छ । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, गोरेटो बाटो, खेलकुद मैदान तथा प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष करिब २२०० जनालाई रोजगारी उपलव्ध गराई रु. ५ करोड ४३ लाख खर्च गरेको छ । लक्षित वर्गलाई ४० दिनदेखि ५५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ८५.२ | | | **पेश्की वितरणः** पालिकाले यस कार्यक्रम बमोजिम सञ्चालन गर्ने आयोजना कार्यान्वयनको लागि गठित समितलाई आयोजनाको कुल लागत अनुमानको ३३ प्रतिशत सम्म कुनै जमानत विना पेश्की दिएको पाइयो । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ बमोजिम बेरोजगार व्यक्तिलाई एक आर्थिक वर्षमा बढीमा १०० दिन सम्म कार्य गरेवापत कार्य दिनको आधारमा दैनिक रु.५७७ का दरले पारिश्रमिक वितरण गर्नुपर्नेमा आयोजना कार्यान्वयनको लागि अग्रीम पेश्की दिनु निर्देशिका बमोजिम भएको देखिएन । | |
| ८५.३ | | | निर्माण सामाग्रीमा रकम भुक्तानी : प्रधानंमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा ६८ मा श्रमिकहरुबाट काम गराउदा रोजगारी सर्जना हुने गरी श्रममूलक काम गर्नुपर्ने, अभिमुखिकरण, कामको नियमित अनुगमन तथा मुल्यांकन गर्नुपर्ने, कम्तिमा १०० दिन रोजगारी सिर्जना गर्नुपर्ने, कामदारको बीमा, सार्वजनिक सुनुवाइ गर्नपर्ने लगायतका व्यवस्था गरेको छ ।साथै निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री गाउपालिकाको योगदानबाट खरिद गर्नुपर्ने र संघीय सरकारबाट प्राप्त बजेट ज्यलामा मात्रै खर्च गर्नुपर्ने व्यवस्था छ।पिसिसि सिचाइ कुलो, ढलान बाटो, तटबन्ध जस्ता निर्माण कार्यमा सिमेण्ट, आइरनवार, ढुवानी भाडा, अन्य समाग्री | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>समेत खरिद गरेको पाइयो ।यसरी कुल खर्चको तुलनामा निर्माण सामाग्री खरिदका गाउपालीकाबाट न्यून बजेट बिनियोजन भएको अवस्था संघीय सरकारबाट प्राप्त रकम ज्यालामा मात्रै खर्च देखिएन। कुल लागतको तुलनामा सामग्री खरिदमा न्यून खर्च भएका केहि उदाहरण देहाय बमोजिम छन्। अतः कार्यक्रमको उद्येश्य अनुरुप संघीय सरकारबाट प्राप्त बजेट ज्यालामा मात्रै खर्च गर्नेतर्फ सम्बन्धित नियकायको ध्यान जानु पर्दछ ।
<table>
<tr><th>कामको विवरण</th><th>लागत अनुमान रु</th><th>संघीय सरकारबाट</th><th>गाउपालिकाबाट</th></tr>
<tr><td>बैढुंगा देखि कनेडा सिचाइ कुलो निर्माण</td><td>११६७१८८।०</td><td>९८८१४४।०</td><td>१७९०४४।०</td></tr>
<tr><td>दलितटोल घोवा नाउलाखोला तटबन्ध</td><td>२१२६४६४।०</td><td>१७९३८५४।०</td><td>३३२६३१।०</td></tr>
<tr><td>समालगाउ सेजुवालवाडा पिसिसि बाटो</td><td>२३३६४२७।०</td><td>१९७४१७२।०</td><td>३६२२५५।०</td></tr>
<tr><td>दहचौर खानेपानी तथा सिचाइ कुलो</td><td>१५९५८०८।०</td><td>१३४६३३७।०</td><td>२४९४७१।०</td></tr>
<tr><td>सियाला ढाड ठिगेनी पिसिसि बाटो</td><td>८८६१४६।०</td><td>७५८४९१।०</td><td>१२७६५५।०</td></tr>
</table></td><td></td></tr>
<tr><td>८५.४</td><td></td><td></td><td>न्युन रोजगारी सृजनाः प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ६८ मा यस कार्यक्रमको लागि संघिय सरकारबाट प्राप्त रकम पारिश्रमिक भन्दा अन्यन्त्र खर्च गर्न नपाइने व्यवस्था रहेको छ । पालिकाले कार्यान्वयन गरेका आयोजनाहरुमध्ये देहायका आयोजनाहरुमा लागत अनुमान स्वीकृत गर्दा इन्जिनियरिङ्ग विल र कार्यसम्पन्न प्रतिवेदनको आधारमा उक्त कार्य गर्न लाग्ने जम्मा मानिसको काम दिन Man Day भन्दा पनि डोर हाजिरी फारमलाई आधारमा मानेरको सोको आधारमा दैनिक रु.५७७ का दरले भुक्तानी गरेको छ । कार्यसम्पन्न प्रतिवेदन बमोजिम जम्मा लाग्ने श्रमिक भन्दा सोही कार्यको लागि बढीले कार्य गरेको प्रमाणित गरी रकम भुक्तानी गर्दा तोकिएको काममा प्रत्यक्ष श्रम लागत बढ्न गएको छ । यसरी पालिकाले वास्तविक कार्य सम्पन्न प्रतिवेदनको आधार र सोमा लाग्ने मानिसको जम्मा कार्य दिनलाई आधार मानेर मात्र भुक्तानी गर्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (नेस्टेड तालिका तल) | |

| क्र.स. | आयोजनाको नाम | नापी किताब मा लाग्ने मानिस संख्या | दर | जम्मा भुक्तानी हुनुपर्ने रकम | भुक्तानी रकम | काम गर्न लाग्ने भन्दा बढी मानिसलाई भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | भडगाउ सिचाई कुलो निर्माण | ७८०।२७ | ५७७।०० | ४५०२१५।८० | १३४५७६६ | ९१५५५०।२० |
| २ | पतिफाल्ना देखी महादेब मन्दिर पिसिसि | ६६३।६५ | ५७७।०० | ३८२९२६।०५ | ११८३०००।०० | ८०००७३।९५ |
| ३ | महादेव वडा पिसिसि बाटो | २४४०।१३ | ५७७।०० | १४०७९५५।०१ | १९७८६००।०० | ५७०६४४।९९ |
| ४ | अधिकारी वाडा भिरमेला पिसिसि बाटो | २३१७।७ | ५७७ | १३३६१५८।९० | १७९०५५०।०० | ४५४३९१।१० |
| जम्मा | | | | | | २७४०६६०।२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६ | | | **स्यानिटरी प्याडको लागत अनुमानः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ कव नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यलयले सरोवर ट्रेड कन्सर्न सुर्खेतबाट प्रति इकाइ रु ८१।९२ मा १०८०० प्याकेट सेनिटरी प्याड खरिद | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेकोमा लागत अनुमान तयार गरेको छैन । नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार गरी खरिदलाइ मितव्ययी बनाउने तर्फ निकायको ध्यान जानु पर्दछ । | |
| ८६.१ | | | **सिधै खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा स्वीकृत खरिद योजना अनुसार बीस लाख रुपैया सम्म लागत अनमान भएको मालसामान सिलबन्दी दरभाउपत्रका माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले सरोबर ट्रेड कन्सर्नबाट स्पेसिफिकेशन तथा लागत अनुमान तयार नगरी सिधै रु १०००००० ।०० को सेनिरी प्याड खरिद गरेको पाइयो ।यसरी सिलबन्दी दरभाउपत्र बेगर गरिएको खरिद नियमसम्मत नदेखिएको रु | १,०००,००० |
| ८६.२ | | | **अत्याधिक मौज्दातः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिद आवश्यकताको पहिचान, खरिदको परिमाण, विवरण र क्षेत्र एकीन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले आर्थिक बर्षको अन्त २०७९।३।२५ मा बजेट फ्रिज हुन नदिने उद्धेश्यले संघीय शसर्त बजेटबाट रु१०००००० ।०० का १०८०० प्याकेट स्यानिटरी प्याड खरिद गरि मौज्दात राखेको पाइयो । उक्त परिमाण लेखापरीक्षण अवधि सम्म बितरण गरेको पाइएन ।आवश्यकताका आधारमा खरिद गरि सार्वजनिक श्रोतको प्रभावकारी उपयोग गर्नेतर्फ निकायको ध्यान जानु पर्दछ । | |
| ८६.३ | | | **रकम भुक्तानिः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९-१०_ वमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि भुक्तानी दिनु आवश्यक विल, भर्पाई र कागजात संलग्न भए वा नभएको जाँच गरि सम्वन्धित पक्षलाई रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ ।कार्यालयले सरोबर ट्रेड कन्सर्न -६०३९०१९३३_ बाट रु १०००००० ।०० को स्यानिटरी प्याट खरिद गरेकोमा उक्त रकम बैक भौचर मार्फत नरेश बमको खातामा दाखिला गरेको पाइयो। सम्बन्धित आपूर्तिकर्ताको खातामा भूक्तानी गर्नेतर्फ निकायको ध्यान जानु पर्दछ । | |
| ८७ | | | **प्रमाण पेश नभएकोः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।कार्यालयले भौ नं १९५।२०७९।३।२० बाट स्वास्थ्य चौकी भर्ताका हे अ गणेश बहादुर शाहीलाइ निजको निबेदन संलग्न गरी रु १०८०००।०० भुक्तानी दिएको पाइयो । उक्त रकम असुल गर्नुपर्ने | १०८,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८८ | | | **मातृशिशु तथा आमा सुरक्षा कार्यक्रमः** | |
| ८८.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई , प्रमाण र कागजात सलंग्न गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । भौ नं ८।२०७९।३।१४ बाट सुकाटिया स्वास्थ्य संस्थाका प्रमुखले सुत्केरी महिलालाइ भुक्तानी वापत रु २००००।०० बजेट खर्च गरेको पाँच जनाले मात्रै रकम बुझेको भरपाइ संलग्न गरेको पाइयो ।अतः भरपाइ भन्दा बढी खर्च लेखेको रु १००००।०० सम्बन्धितबाट असुल हुनुपर्ने रु | १०,००० |
| ८८.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई , प्रमाण र कागजात सलंग्न गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ ।भौ नं ५।२०७९।३।५ बाट आधारभूत स्वास्थ्य चौकि भर्ताका प्रमुख गणेश बहादुर शाहीले प्रतव्यक्ति रु २०००।० का दरले सुत्केरी महिलालाइ रु २१६०००।०० यातयात खर्च भुक्तानी दिइ ८३ जनाको नामनामेसी मात्रै संलग्न गरेको पाइयो। अतः खर्च पुष्ट्याइ हुने प्रमाण बेगर बढी भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु | ५०,००० |
| ८९ | | | **पोषण संवेदनशिल कार्यक्रमः**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा कुनै पनि सार्वजनिक कार्यको विवरण तयार पारी दफा ५ बमोजिमको लागत अनुमान तयार पार्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ बमोजिम लागत अनुमान तयार गरी नियम १४ बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले पोषण संवेदनशिल कार्यक्रमको लागि दत्त बहादुर शाहीलाई कुनै स्वीकृत लागत अनुमान विना भौचर नं २५/२०७८।०८।१६ मा दिएको पेश्की रु.९८२०००।०० भौचर नं २३१/२०७९।०३।२४ मा फछ्यौट गरी थप रु.९१०००।०० भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु निम्न रहेका छन् | |
| ८९.१ | | | शुभकालिका गाउपालिका देहायका वडाहरुमा पोषण संवेदनशिल समितिको वैठक वापत भरपाई सहभागीलाई वैठक भत्ता उपलब्ध गराएकोमा आयकर ऐन २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशतले हुने कर कट्टी नगरेकोले सो रकम दाखिला हुनुपर्ने रु | २,४०० |

| वडा नं | सहभागी संख्या | दर | रकम | करकट्टी गर्नुपर्ने |
|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा नं ३</td><td>१६</td><td>५००</td><td>८०००।००</td><td>१२००।००</td></tr>
<tr><td>वडा नं ६</td><td>१६</td><td>५००</td><td>८०००।००</td><td>१२००।००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२४००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८९.२</td><td></td><td></td><td>नेपाल सरकारको कार्यसञ्चालन निर्देशिका २०७७ बमोजिम विभिन्न समितिको वैठकमा सहभागिलाई खाजा खर्च वा वैठक भत्ता मध्ये कुनै एउटा दिन सकिने व्यवस्था रहेको छ । यस कार्यक्रममा पोषण समितिको वैठकमा सहभागिलाई वैठक भत्ता दिएकोमा पुन खाजा खर्चको विल संलग्न गरि दोहोरो खर्च लेखेको रकम असुल हुनुपर्ने रु
<table>
<tr><td>वडा नं</td><td>आपूर्तिकर्ताको नाम</td><td>विजक नं/मिति</td><td>रकम</td></tr>
<tr><td>वडा नं ३</td><td>होटल कालिका</td><td>०८५/२०७९।०३।२९</td><td>२७२०।००</td></tr>
<tr><td>वडा नं ६</td><td>हेन्सल चिया नास्ता पसल</td><td>नभएको/२०७९।०३।२९</td><td>३०६०।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५७८०।००</td></tr>
</table>
</td><td>५,७८०</td></tr>
<tr><td>९०</td><td></td><td></td><td>पकेट विकास कार्यक्रमः<br><br>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ मा स्थानीय तहले सूचना प्रकाशन गर्नुपर्ने, तथा उक्त क्षेत्रका लक्षित समुह तथा वर्ग तथा समुहले अनुसुचि १० को ढाँचामा आवेदन पेश गर्ने तथा स्थानीय तहले प्राविधिक समिति गठन गरी उक्त आवेदन माथि मूल्याङ्कन गरी प्राथामिकरणको आधारमा पकेट क्षेत्र लक्षित समुह छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पकेट क्षेत्रको सञ्चालन तथा निरन्तरताको कार्यक्रम सञ्चालन गरेको भएतापनि कुनै पनि सूचना एवं आवेदन तथा मूल्याङ्कन समेत नगरी शुभकालिका भित्रका विभिन्न स्थानहरुमा पकेट सञ्चालनको लागि व्यवसायिक फर्मवाट विउ तथा सामाग्री खरिद</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी सिधै व्यवसायिक फर्मलाई भुक्तानी दिएको साथै एउटा मात्र फर्मसाग सम्झौता गरी रकम भुक्तानी गरेको छ । यसरी म्यानुअलले स्पष्ट गरेको छनौट प्रकृया र विधि बमोजिम पकेट क्षेत्रको पहिचान र अनुदान वितरण गर्ने कार्यमा पालिकाले ध्यान दिनुपर्दछ । | |
| ९०.१ | | | **नयाँ पकेट तथा पकेट निरन्तरता कार्यक्रममा लागत सहभागिताः** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ७ मा कृषि उत्पादन सामाग्री (कृषि विउ विजन, वेर्ना, माछा, भुरा लगायत नश्ल सुधार) कार्यमा बढीमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध हुने व्यवस्था छ भने कुल लागत अनुमानको ५० प्रतिशत हिस्सा सम्बन्धित स्थानीय फर्म तथा संस्थाले व्यहोर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सञ्चालन गरेको देहायको पकेट कार्यक्रममा देहायका कृषक समूहसँग सम्झौता गरी रकम भुक्तानी गरेकोमा उक्त म्यानुअल बमोजिमको लागत सहभागिता भएको देखिएन । यसरी पालिकाले बढी अनुदान दिएको रकम दस्तावेज बमोजिम भएको नदेखिएको रु.. | १,०५३,५६७.५ |

| फर्मको नाम | गोश्वरा भौचर र मिति | भुक्तानी पाउनेकोनाम | कुल लागत अनुमान | कार्यालयले भुक्तानी रकम | न्युन लागत सहभागिता | कैफियत |
|---|---|---|---|---|---|---|
| तोरीमालिका फलफुल तथा कृषि समुह | २३३/२०७९।०३।२४ | पवन कृषक समुह | ५६२६९५।०० | ४००००० | ११८६५२।५ | पालिकाले कुनै पनि सूचना विना उल्लेखित फर्मसँग मस्झौताको आधारमा सामाग्री खरिद |
| अजम्मरे फलपूल तथा तरकारी कृषक समुह | २३३/२०७९।०३।२४ | पवन कृषक समुह | ५६२६९५।०० | ४००००० | ११८६५२।५ | |
| जनचेतना उन्नत तरकारी तथा फलफुल समुह | २३३/२०७९।०३।२४ | पवन कृषक समुह | ५६२६९५।०० | ४००००० | ११८६५२।५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>दाहाल खाद्यान्न विजवृद्धि कृषक समुह</td><td>२३३/२०७९।०३।२४</td><td>पवन कृषक समुह</td><td>५६२६९५।००</td><td>४०००००</td><td>११८६५२।५</td><td rowspan="3">वापत पवन कृषक समुहलाई सोझौ भुक्तानी दीएको ।</td></tr>
<tr><td>मुडकरिया फलफुल तथा कृषक समुह</td><td>२३३/२०७९।०३।२४</td><td>पवन कृषक समुह</td><td>५६२६९५।००</td><td>४०००००</td><td>११८६५२।५</td></tr>
<tr><td>सेराकालिका बडिखेती तरकारी समुह</td><td>२३३/२०७९।०३।२४</td><td>पवन कृषक समुह</td><td>५७९३९०।००</td><td>४०००००</td><td>११०३०५।०</td></tr>
<tr><td>बुडा खोला व्यावसायिक बाखा पालन समुह</td><td>२०३/२०७९।०३।१९</td><td>बुडा खोला व्यवसायिक वाखा पालन</td><td>७०००००।००</td><td>७०००००</td><td>३५००००</td><td>वयर वाखा फार्मवाट वाखा खरिद</td></tr>
<tr><td colspan="5"></td><td>१०५३५६७।५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९०.२</td><td></td><td></td><td>पकेट कार्यक्रमको सामाग्री खरिदःप्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिमको पकेट कार्यकोलागि गरिने खरिद कार्यहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम एक आर्थिक वर्षमा ५ लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा अन्य सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम (१क) मा एक आर्थिक वर्षमा एउटै फर्मवाट एकै पटक वा पटकपटक गरी सो सिमाभन्दा बढी रकमको सोझै खरिद गर्न नसिकने व्यवस्था छ । पालिकाले विभिन्न क्षेत्र तथा कृषक समुहसँगको साझेदारीमा पकेट सञ्चालनको लागि सामाग्री खरिद गरेकोमा उक्त सामाग्री एउटै फर्मबाट खरिद गरेको देखियो । यसरी फरक फरक उपभोक्ता समिति भएतापनि एउटै फर्मबाट सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रतिस्पर्धात्मक प्रकृया अवलम्बन गरी खरिद गर्नुपर्दछ । यसका उदाहरणहरु
<table>
<tr><td>गो.भौ.नं र मिति</td><td>फर्मको नाम</td><td>खरिद गरेको फर्म</td><td>विजक नं र मिति</td><td>रकम</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="6">२३३/०७९।०३।२४</td><td rowspan="6">पवन कृषक समुह</td><td>तोरीमालिका फलफुल तथा कृषि समुह</td><td>६०/२०७९।०२।२६</td><td>५६२६९५।००</td></tr>
<tr><td>सेराकालिका बडिखेती तरकारी समुह</td><td>६३/२०७९।०३।०९</td><td>५७९३९०।००</td></tr>
<tr><td>अजम्मरे फलपूल तथा तरकारी कृषक समुह</td><td>६१/२०७९।०२।२६</td><td>५६२६९५।००</td></tr>
<tr><td>जनचेतना उन्नत तरकारी तथा फलफुल समुह</td><td>५७/२०७९।०२।२६</td><td>५६२६९५।००</td></tr>
<tr><td>दाहाल खाद्यान्न विजवृद्धि कृषक समुह</td><td>५८/२०७९।०२।२६</td><td>५६२६९५।००</td></tr>
<tr><td>मुडकरिया फलफुल तथा कृषक समुह</td><td>५९/२०७९।०२।२६</td><td>५६२६९५।००</td></tr>
<tr><td>२०३/२०७९।०३।१९</td><td>बयर बाखा फर्म</td><td>बुडा खोला व्यावसायिक बाखा पालन समुह</td><td>५/२०७९।०३।०८</td><td>७०००००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९०.३</td><td></td><td></td><td>पकेट कार्यक्रमको अनुगमनः प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ मा पकेट विकास क्रियाकलाप अन्तर्गत सञ्चालित कार्यक्रमहरुको एकल वा संयुक्त रुपमा स्थानीय तहले अनुगमन गरी सोको प्रतिवेदन परियोजना कार्यान्वयन इकाइ वा प्रदेश कृषि/पशु कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पकेट कार्यक्रममा विउ विजन तथा पशुहरु कृषकलाई भरपाईको गरी वितरण गरेकोमा उक्त विउ विजनहरु कृषकले लगाए नलगाएको वा पशु नक्ष सुधारको कार्यक्रमहरु सञ्चालन भएको अवस्थामा सोको प्रगति लेखापरीक्षण अवधिसम्म पेश हुन आएन। यसबाट पकेट कार्यक्रम प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । पालिकाले म्यानुअलको व्यवस्था बमोजिम निरन्तर पकेटको अनुगमन गरी प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ९१ | | | **ओखरका बिरुवा खरिदः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई , प्रमाण र कागजात सलंग्न गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले सिलबन्दी दरभाउपत्रका माध्यमबाट ब्रमाण्ड कृषि तथा पशुपंक्षी फार्म सुर्खेतबाट लागत अनुमान तयार नगरी प्रति बिरवा रु ६५०।८५ का दरले २९५० ओखरका बिरुवा खरिद कार्य सम्पन्न बिलका आधारमा भौ नं ९०।२०७८।१२।८ बाट उक्त फर्मलाइ रु १९०५७००।०० भुक्तानी दिएको पाइयो। खरिद गरेका बिरुवाको संख्या एबं गुणस्तर परिक्षण, जिन्सी दाखिला, भाग्रहीलाइ बितरण भरपाइ पेश हुन आएन। अत खरिद गरेका बिरुवा संख्या तथा गुणस्तर सुनिश्चित गरेको प्रमाण, कार्यालयले बुझिलिइ जिन्सी दाखिला, भाग्रहीलाइ बितरण गरेको भरपाइ समेत पेश हुनपर्ने रु | १,९०५,७०० |
| ९२ | | | **फलपुल तथा तरकारी संकलन केन्द्र**<br><br>पालिकाले फलपुल तथा तरकारी संकलन केन्द्र स्थापनाका लागि भवानी फलफुल नर्सरी तथा तरकारी संकलन केन्द्रसँग रु २३७५०००।०० को सम्झौता गरी भौ नं २०५।२०७९।३।२१ बाट नापजाँच बमोजिमको रु २३६००००।०० मध्ये पेश्की रु ७८००००।०० कट्टा गरी भुक्तानी दिएको पाइयो। उक्त कार्य समपन्न भए पश्चात सोको खर्च सार्वजनिकीकरण, सार्जनिक सुनुवाइ, हस्तान्तरण समेत भएको पाइएन ।नियमानुसार हस्तारण गर्नु पर्दछ । | |
| ९३ | | | **संघिय सशर्त शिक्षाः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ९३.१ | | | **शिक्षक दरवन्दी र पदपूर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । गाउँपालिका अन्तर्गत विभिन्न तहका २६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।<br><table><tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr><tr><td>१</td><td>२६ विद्यालय</td><td>११५</td><td>११५</td><td>०</td><td>५८८०</td></tr></table> | |
| ९३.२ | | | **विद्यालयगत निकासा रजिष्ट्रर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ । | |
| ९३.३ | | | **शैक्षिक तथ्यांक** - गाउँपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७८/०७९ मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ । कार्यालयले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापतको रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ । विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७८ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब. २०७८/७९ मा भएकोमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा गाउँपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९३.४</td><td></td><td></td><td>शैक्षिक प्रतिवेदनःअनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ । गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>९३.५</td><td></td><td></td><td>विद्यार्थी संख्या भन्दा बढी संख्यामा पाठ्यपुस्तकको रकम निकासाः पालिकाले शैक्षिक तथ्यांक (EMIS), २०७८ भरी प्रमाणित भएको यकिन गरेर मात्र सम्बन्धित विद्यालयका विद्यार्थीको लागि उपलब्ध हुने पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्नेमा नमुना शैक्षिक तथ्यांक (EMIS मा प्रविष्ट भएका विद्यार्थि संख्या भन्दा बढी संख्याको दरमा देहायको विद्यालयमा पाठ्यपुस्तक वापतको रकम निकासा भएको देखिएकोले सो रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु
<table>
<tr><th>विद्यालय</th><th>कक्षा</th><th>निकासा विद्यार्थि संख्या</th><th>शैक्षिक तथ्यांक (EMIS बमोजिमको संख्या</th><th>फरक</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>जनता मा वि</td><td>८</td><td>३८</td><td>३२</td><td>४</td><td>८६२</td><td>३४४८।००</td></tr>
<tr><td>महादेव मा वि</td><td>८</td><td>७५</td><td>५८</td><td>१७</td><td>८६२</td><td>१४६५४।००</td></tr>
<tr><td></td><td>१०</td><td>४७</td><td>५५</td><td>८</td><td>४९७</td><td>३९७६।००</td></tr>
<tr><td>बुकी मालिका आ वि</td><td>८</td><td>१२</td><td>१०</td><td>२</td><td>८६२</td><td>१७२४।००</td></tr>
</table></td><td>१८६,२२६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| महादेब निमावि सयलडाडा | ८ | २९ | १८ | ११ | ८६२ | ९४८२।०० |
| महादेब आ वि स्याडा | ८ | ३२ | २० | १२ | ८६२ | १०३४४।०० |
| कुलदेब मावि | ८ | १७ | १९ | २ | ८६२ | १७२४।०० |
| अजमेरे मावि | ८ | १७ | २४ | ७ | ८६२ | ६०३४।०० |
| जनज्योति मावि | १० | ११७ | १२९ | १२ | ४९७ | ५९६४।०० |
| | ९ | २३ | ३१ | ८ | ७७७ | ६२१६।०० |
| कालिका मा वि | १० | ५७ | ६४ | ७ | ४९७ | ३४७९।०० |
| | ९ | ६६ | ७५ | ९ | ७७७ | ६९९३।०० |
| दाहाल मावि | १० | ३४ | ४७ | १३ | ४९७ | ६४६१।०० |
| | ९ | ४६ | ५३ | ७ | ७७७ | ५४३९।०० |
| चन्द्र सूर्य मावि | १० | ४४ | ५४ | १० | ४९७ | ४९७०।०० |
| | ९ | ५३ | ६५ | १२ | ७७७ | ९३२४।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | | | | | | १००२५२।०० |
| विद्यालय | कक्षा | शैक्षिक तथ्यांक (EMIS बमोजिमको संख्या | दर | जम्मा भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी |
| जनज्योति मावि | ११ | १२८ | २७१ | ३४६८८।०० | ९१७८४।०० | १२७०८।०० |
| | १२ | १३७ | ३२४ | ४४३८८।०० | | |
| महादेब मावि राकटिया | ११ | ५० | २७१ | १३५५०।०० | ४९८००।०० | १६८१०।०० |
| | १२ | ६० | ३२४ | १९४४०।०० | | |
| चन्द्र सूर्य मावि | ११ | ६० | २७१ | १६२६०।०० | ४३५६०।०० | ७५३६।०० |
| | १२ | ६१ | ३२४ | १९७६४।०० | | |
| पंञ्चकालिका मावि | ११,१२ | ० | ० | ० | ४५९२०।०० | ४५९२०।०० |
| जम्मा | | | | | | ८२९७४।०० |
| कुल जम्मा | | | | | | १८३२२६।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९३.६</td><td></td><td></td><td>विद्यार्थी संख्या भन्दा बढी संख्यामा दिवाखाजाको रकम निकासाः पालिकाले शैक्षिक तथ्यांक (EMIS), २०७८ भरी प्रमाणित भएको यकिन गरेर मात्र सम्बन्धित विद्यालयका विद्यार्थीको लागि उपलब्ध हुने दिवा खाजा वापतको रकम निकासा दिनुपर्नेमा नमुना शैक्षिक तथ्यांक (EMIS मा प्रविष्ट भएका विद्यार्थि संख्या भन्दा बढी संख्याको दरमा देहायको विद्यालयमा दिवा खाजा वापतको रकम निकासा भएको देखिएकोले सो रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.. प्रथम पटक ८० दिन भौ.नं ६५/२०७८।१०।२६
<table>
<tr><th>विद्यालय</th><th>निकासा विद्यार्थि संख्या</th><th>शैक्षिक तथ्यांक (EMIS बमोजिमको संख्या</th><th>फरक</th><th>दिन</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>जनज्योति मावि</td><td>१७५</td><td>१२६</td><td>४९</td><td>८०</td><td>२०</td><td>७८४००</td></tr>
<tr><td>चन्द्र सुर्य मावि</td><td>१२३</td><td>११३</td><td>१०</td><td>८०</td><td>२०</td><td>१६०००।००</td></tr>
<tr><td>नवदूर्गा आवि मुडकटिया</td><td>४३</td><td>२७</td><td>१६</td><td>८०</td><td>२०</td><td>२५६००।००</td></tr>
<tr><td>भैरआ आवी छेलहान्न इसिडी</td><td>२१</td><td>१३</td><td>८</td><td>८०</td><td>२०</td><td>१२८००।००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१३२८००।००</td></tr>
<tr><td colspan="7">दोस्रो पटक भौ.न २१७/०७९।०३।२३</td></tr>
<tr><td>जनज्योति मावि</td><td>१३५</td><td>१२६</td><td>९</td><td>४०</td><td>२०</td><td>७२००।००</td></tr>
<tr><td colspan="6">कुल जम्मा</td><td>१४००००।००</td></tr>
</table></td><td>१४०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९३.७</td><td></td><td></td><td>अवकाश पछिको भुक्तानीः कार्यलयले भौ नं १७३।२०७९।३१८ बाट बिभिन्न २३ वटा बिद्यालयलाइ अन्तिम चौमासिकको निकासा दिंदा निम्नानुसारका २ बिद्यालयका शिक्षकलाइ अवकाश भए पश्चातको तलब सकेत भुक्तानी दिएको पाइएकोले बढी भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल गरी राजस्व दाखिला हुनुपर्ने रु
<table>
<tr><th>बिद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>अवकाश मिति</th><th>तेश्रो चौमासिकमा दिनुपर्ने रु</th><th>तेश्रो चौमासिकमा दिएको रु</th><th>बढी भुक्तानी रु</th></tr>
<tr><td>चन्द्र सुर्य मा बि</td><td>धर्मराज आचार्य</td><td>२०७९।१।१४</td><td>७०११९।००</td><td>१४८६००।००</td><td>७८४८०।०</td></tr>
<tr><td>कुलदेव आ बि</td><td>प्रेम बहादुर शाही</td><td>२०७८।१२।१४</td><td>२१८६५।००</td><td>८०७५०।००</td><td>५८८८५।०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९१९८४।००</td><td>२२९३५०।००</td><td>१३७३६५।</td></tr>
</table></td><td>१३७,३६५</td></tr>
<tr><td>९३.८</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्य समाप्त भएको ३० दिनभित्र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पाठ्यक्रम विकास केन्द्रको परिपत्र बमोजिम नमूना विद्यालयको लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्न विद्यालयलाई २ तथा ४ कोठे भवन निर्माणको लागि अनुदान रकम विद्यालयको खातामा भुक्तानी गरेको छ । यसरी विद्यालयलाई निकासा दिएको रकमबाट स्वीकृत मापदण्ड तथा डिजाइन बमोजिमको भवन निर्माण गरी सोको कार्यसम्पन्न प्रतिवेदन लेखापरीक्षण अवधिसम्म पनि पेश नभएकोले सो निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>२६/२०७९।०३।२२</td><td>श्री कालिका मा.वि.</td><td>३६०००००।००</td></tr>
<tr><td>२६/२०७९।०३।२२</td><td>श्री महादेब मा.वि.</td><td>१८०००००।००</td></tr>
</table></td><td>५,४००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>५४०००००।००</td></tr></table></td><td></td></tr>
<tr><td>९३.९</td><td></td><td></td><td>टुक्रा खरिदः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासँग जम्मा ५ लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सोझै खरिद गर्न सकिने व्यवस्था छ साथै नियम १९ मा २० हजार रुपैया सम्मको फुटकर खरिद मु.अ.करमा दर्ता नभएका आपूर्तिकर्ताबाट खरिद गर्न सकिने व्यवस्था छ । विद्यालयमा IT Tab स्थापनाको लागि उपलब्ध गराएको रकमबाट खरिद गरेका मालसामन एउटै प्रकृति भएको साथै एउटै आपूर्तिकर्ताबाट लगातार मु.अ.कर दर्ता नभएका आपूर्तिकर्ताबाट खरिद गरेको देखियो । यसरी नियमावलीको व्यवस्था बिपरित टुक्रा पारी गरेको खरिदलाई नियमित नदेखिएको रु
<table>
<tr><td>गो.भौ.नं/मिति</td><td>विद्यालयको नाम</td><td>समानको विवरण</td><td>आपूर्तिकर्ताको नाम</td><td>विजक नं/मिति</td><td>रकम</td></tr>
<tr><td rowspan="4">१८/०७९।०३।१७</td><td rowspan="4">दाहाल मा.वि.</td><td rowspan="4">कम्प्युटर टेवल लगायत कार्यालय सामाग्री</td><td rowspan="4">न्यू देउती अर्डर एण्ड सप्लायर्स</td><td>२६२/२०७९।०३।०९</td><td>१७६००।००</td></tr>
<tr><td>२५५/२०७९।०३।०८</td><td>१९५००।००</td></tr>
<tr><td>२६५/२०७९।०३।१०</td><td>१२६००।००</td></tr>
<tr><td>२६९/२०७९।०३।११</td><td>१०७००।००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>६०४००।००</td></tr>
</table></td><td>६०,४००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९३.१०</td><td></td><td></td><td>सोझै खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा मालसामनको विवरण तयार पार्नुपर्ने तथा दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने र रु.5 लाख सम्मको मूल्यको एउटै सामान खरिद गर्नु परेमा सार्वजनिक खरिद नियमावली, २०६४ नियम ८५ बमोजिम सोझै खरिद गर्न सकिने र सो भन्दा बढी मूल्यको खरिद गर्नु परेमा सिलबन्दी तथा बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा हुने गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। साथै नियम ८५(१)(ख) मा एक आर्थिक वर्षमा एउटै फर्म वा कम्पनीबाट पटक-पटक सोझै खरिद गर्न नसकिने उल्लेख छ । ICT Lab स्थापनाको लागि पालिकाले निम्न विद्यालयलाई दिएको अनुदानमा खरिद गरेका कार्यालय प्रयोजनको लागि कप्युटर तथा पिन्टर खरिद गरेकोमा ५ लाख रुपैया भन्दा बढीको खरिदलाई टुक्रा पारि सोझै खरिद गरेको तथा उक्त सामाग्री खरिद गर्दा कुनै प्राविधिक स्पेसिफिकेशन तथा लागत अनुमान समेत तयार पारेको छैन् । यसरी सार्वजनिक निकायले खरिद गर्दा प्रचलित खरिद कानूनको पालना गर्नु पर्दछ ।
<table>
<tr><th>भौचर नं/मिति</th><th>विद्यालयको नाम</th><th>खरिद गरेका मालसामान</th><th>जम्मा रकम</th></tr>
<tr><td>१८/०७९।०३।१७</td><td>दाहाल मा.वि.</td><td>कम्प्युटर तथा सामाग्री</td><td>६१९७०५।००</td></tr>
<tr><td>३०/०७९।०३।२४</td><td>जनज्योति मा.वि</td><td>कम्प्युटर तथा सामाग्री</td><td>५९६५००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>९३.११</td><td></td><td></td><td>दाखिला प्रतिवेदन पेश गर्नुपर्नेः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ बमोजिम प्रत्येक सार्वजनिक निकायले खरिद गरेका जिन्सी सामाग्रीको नाम, स्पेसिफिकेशन मूल्य परिमाण खुल्ने गरी म.ले.प.फा.न. ४०३ को ढाँचामा दाखिला गरी जिन्सी विवरणको लगत अद्यावधिक गर्नुपर्दछ । निम्न विद्यालयले ICT Lab स्थापनाको लागि देहायको परिमाणमा देहायका सामाग्री खरिद गरेको विजक संलग्न गरेको भएतापनि सोको स्टोर दाखिला गरेको प्रमाण पेश गरेको नदेखिएकोले सोको दाखिला प्रमाण पेश गर्नुपर्ने
<table>
<tr><th>विद्यालयको नाम</th><th>समानको विवरण र परिमाण</th><th>आपूर्तिककर्ताको नाम र विजक नं</th><th>जम्मा मूल्य</th></tr>
</table></td><td>६५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="3">जनज्योति मा.वि.</td><td>व्याट्रि ४ पिस, इन्भटर १ दिन, हाजिर मिसन १ पिस</td><td>ज्वाला कम्प्युटर/७५०</td><td>२१३५००।</td></tr>
<tr><td rowspan="2">डेस्टप ४ पिस, ल्यापटप ३ पिस, प्रिन्टर १ पिस, पेनड्राइभ ५ पिस, मल्टिप्लग १० पिस, कम्प्युटर टेवल ६ पिस, कम्प्युटर टुल्स लगायत १० पिस</td><td>ज्वाला कम्प्युटर/७४९</td><td>४३६५००।</td></tr>
<tr><td>जम्मा</td><td>६५००००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९३.१२</td><td></td><td></td><td>ढुवानीमा करकट्टीः आयकर ऐन २०५८ को दफा ८८ मा गाडी वापत ढुवानी गरी भाडा भुक्तानी गर्दा १० प्रतिशत तथा प्राकृतिक व्यक्तिलाई ढुवानी वापतको रकम भुक्तानी गर्दा २।५ प्रतिशतका दरले अग्रीम करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । ICT Lab स्थापनाको लागि अनुदान दिएका निम्न विद्यालयले उक्त कार्यको सामाग्री ढुवानी वापत गाडी धनीलाई भरपाई गरी रकम भुक्तानी गरेको तर सोमा करकट्टी नगरेकोले कर दाखिलाको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><td>विद्यालयको नाम</td><td>भाडा भुक्तानी रकम</td><td>दर</td><td>करकट्टी गर्नुपर्ने रकम</td></tr>
<tr><td rowspan="2">दाहाल मा.वि.</td><td>१३०००।००</td><td>२।५</td><td>३२५।००</td></tr>
<tr><td>१८०००।००</td><td>१०</td><td>१८००।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२१२५।००</td></tr>
</table>
</td><td>२,१२५</td></tr>
<tr><td>९४</td><td></td><td></td><td>अनुगमन र सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | । पालिकाबाट आर्थिक वर्ष २०७८।७९ मा सम्परीक्षणको लागि अनुरोध भै नआएकोले सम्परीक्षणको गरिएको छैन। | |